# सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको सहभागिताको तुलनात्मक अध्ययन

शिक्षाशास्त्र संङ्काय,स्नातकोत्तर तह (एम एड) दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण
विषयको आशिंक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत
शोधपत्र


प्रस्तुतकर्ता:
पवित्रा थापा
परीक्षा रोल नं : २८०१६४/२०६९
त्रि.वि.दर्ता न: ६-१-४९-६२९-२०००

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रिय विभाग
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
कीर्तिपुर, काठमाण्डौ


२०७१

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रिय विभाग**

**कीर्तिपुर,काठमाण्डौ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रिय विभाग, अन्तर्गत स्नाकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषय अन्तर्गत (Ed.CE598) को शोधपत्र लेखनका लागि छात्रा पवित्रा थापाले मेरो प्रत्यक्ष निर्देशनमा रहि **"सामुदायिक र संस्थागत विद्यालयमा छात्रा सहभागिताको तुलनात्मक अध्ययन"** शिर्षकको प्रयोगात्मक शोधपत्र मूल्याङ्कन गरी सिफारीस गरिएको छ ।

Date :- March 12,2015

.............................

शोध निर्देशक

उप.प्रा. शिवराज बढू

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**
**पाठ्यक्रम तथा मूल्याङ्कन**
**केन्द्रिय विभाग**
**कीर्तिपुर,काठमाण्डौ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रिय विभाग, अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षमा (Ed.CE598) विषयको प्रयोगात्मक शोधपत्र लेखनका लागि पवित्रा थापाले **“सामुदायिक र संस्थागत विद्यालयमा छात्रा सहभागिताको तुलनात्मक अध्ययन”** शिर्षकमा तयार गर्नु भएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

मूल्याङ्कन समिति

१. सह.प्रा. किरणराम रंजितकार ..............................

(विभागीय प्रमुख)

२. उप. प्रा.शिवराज बढू ..............................

(शोध निर्देशक)

३. प्रा.कुलनर सिंह श्रेष्ठ .............................

(बाह्य सुपरिवेक्षक)

Date : March 27,2015

# कृतज्ञताज्ञापन

"सामुदायिक र संस्थागत विद्यालयमा छात्रा सहभागिताको तुलनात्मक अध्ययन" विषय शिर्षक रहेको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्रको पाठ्यक्रम तथा मूल्याकंन विशिष्टिकरण विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि शोधपत्र तयार पारिएको हो । प्रस्तुत शोधपत्र पूरागर्न स्वीकृति प्रदान गर्ने प्रारम्भदेखि अन्त्य सम्मनियमित सुपरिवेक्षण, मार्गनिर्देशन दिई सहयोग गर्नुहुने आदरणीय गुरु प्रा. स्वयमप्रकाश जबरा ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोधपत्र तयार गर्नका लागि सुचना संकलन कार्य र शोधपत्र लेखन कार्य गर्ने सन्दर्भमा आइपरेका समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिदै सहि मार्ग निर्देशन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यवहारीक कार्यलाई थाति राखेर कुशल दिग्दर्शन गराउनु भएकोमा श्रद्धेय गुरु शिवराज बढु ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यसै गरी अध्ययनको क्रममा सूचना एंव तथ्यांकहरु उपलब्ध गराएर सहयोग पुयाउनु हुने नमुना छनोटमा पर्नु भएका विद्यार्थी, प्र.अ./शिक्षक-शिक्षिका र अभिभावकहरुले आफ्नो अमूल्य समय दिनु भएकोमा र सामुदायिक विद्यालय श्री सुर्योदय उच्च मा. वि. र संस्थागत विद्यालय श्री हथौसा लिटल स्टार इंलिस बोर्डिङ्ग स्कुल ओदारी कपिलबस्तुका प्र.अ.लगायत सम्पूर्ण विद्यालय परिवार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो अध्ययन शोधपत्र तयार गर्ने क्रममा विभिन्न छलफल,सहयोग र सदभाव प्रदान गर्नु हुने मित्रहरु सिता के. सि र सावित्रि चौलागाइलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रलाई टाइपिङ गरी सहयोग पुऱ्याउने मेरो भाई लक्ष्मण थापालाई पनि धन्यवाद दिन चाहन्छु ।

पबित्रा थापा

# शोधसार

प्रस्तुत अध्ययन "सामुदायिक र संस्थागत विद्यालयमा छात्रा सहभागिताको तुलनात्मक अध्ययन" शिर्षक अन्तर्गत कपिलवस्तु जिल्लामा अवस्थित हथौसा गा.वि.स. लाई छनोट गरी उक्त क्षेत्रमा संचालित एउटा सामुदायिक र एउटा संस्थागत विद्यालयलाई नमुनाको रुपमा छनोट गरिएको थियो । यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको जातिगत सहभागिताको अवस्था पत्ता लगाउनु र छात्राहरुको विद्यालयमा सहभागिता वारे सरोकारवालाहरुको धारणा पहिल्याउनु मुख्य उद्देश्य राखिएको थियो ।

यस अध्ययनको उद्देश्य अनुसार अध्ययन क्षेत्रका सामुदायिक र संस्थागत विद्यालयको २०७० सालको कक्षा १ देखि १० सम्मको जातिगत रुपमा छात्रा विद्यार्थीको भर्नालाई अध्ययन गर्दा संस्थागत विद्यालयको प्राथमिक विद्यालय तहमा मुसलमान र मधेसी दलित जातिका छात्राहरुको भर्ना शून्य रहेको पाइयो भने सामुदायिक विद्यालयमा ती जातिका छात्राहरुको भर्ना नगन्य रुपमा रहेको देखियो । त्यस्तै सामुदायिक विद्यालयको निम्न माध्यमिक विद्यालय तहमा मधेसी दलीत जातिका छात्राहरु शून्य रहेको तर संस्थागत विद्यालयमा भने पहाडि दलित,मधेसी दलित र मुसलमान जातिका छात्राहरुको भर्ना शून्य रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयको माध्यमिक विद्यालय तहमा पनि प्रा.वि र नि.मा.वि. तहमा जस्तै मुसलमान जातिका छात्राहरुको भर्ना शून्य रहेको देखिन्छ भने पहाडी जनजाति,पहाडी दलित र मधेसी दलित जातिका छात्राहरुको भर्ना संस्थागत विद्यालयमा शून्य रहेको पाइयो । छात्राको लैंगिक अनुपात सामुदायिकमा ५१% रहेको तर संस्थागतमा तिनीहरुको अनुपात ३१% रहेको पाइयो । यसरी संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा छात्रा भर्ना बढी हुनुमा न्यून आर्थिक अवस्था,अभिभावकमा जनचेतनाको कमी जस्ता तत्त्व जिम्मेवार रहेको भनी शिक्षकहरुको जवाफ रहेको थियो भने आर्थिक अवस्था कमजोर, केटा र केटीमा गरीने असमानता, संस्थागत विद्यालयमा शैक्षिक शुल्क महङ्गो हुनाले पनि संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा छात्रा भर्ना वढी भएको भन्ने जवाफ अभिभावकले दिएको पाइयो ।

छनौटमा परेका दुवै विद्यालयको कक्षा ९ का विद्यार्थीहरुको विद्यालयमा उपस्थिति हेर्नका लागि वि. सं.२०७० सालमा भर्ना भएका विद्यार्थीहरुको हाजिरी रेकर्ड अध्ययन गर्दा सामुदायिक विद्यालयका एक जना विद्यार्थीको शैक्षिक सत्र २०७० सालमा औसत उपस्थित हुने दिन १४३.५० (७४.७४%) रहेको र संस्थागत विद्यालयका एक जना विद्यार्थीको एक शैक्षिक सत्रमा औसत उपस्थित हुने दिन १९४.२५ (८८.२९%) रहेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयका एक जना विद्यार्थी एक वर्षमा औसत अनुपस्थित दिन ४८.५ (२५.२६%) रहेको र संस्थागत विद्यालयका एक जना विद्यार्थी एक वर्षमा औसत अनुपस्थित दिन २५.७५ (११.७०%) रहेको पाइयो । यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरुले भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुले ५०.७५औसत उपस्थित दिन वढी पढ्न पाएका रहेछन् भने संस्थागत विद्यालयका विद्यार्थीहरुको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको औसत अनुपस्थित दिन २२.७५ धेरै रहेको देखिन्छ । सामुदायिक विद्यालयका केटाहरुको औसत उपस्थित दिन १३६ (७१.२६%) र केटीहरुको औसत उपस्थित दिन १४८ (७७.३६%) र संस्थागत विद्यालयमा

केटाहरुको औसत उपस्थित दिन १९४.५ (८८.४०%) र केटीहरुको औसत उपस्थित दिन १९४.०८ (८८.२१%) रहेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयका केटाहरुको औसत अनुपस्थित दिन ५०.१३ (२८.७१%) र केटीहरुको औसत अनुपस्थित दिन ३८.४६ (२२.२६%) रहेको र संस्थागत विद्यालयका केटाहरुको औसत अनुपस्थित दिन २५.५ (११.५९%) र केटीहरुको औसत अनुपस्थित दिन २५.९२ (११.७८%) रहेको पाइयो ।तुलनामा संस्थागत विद्यालयमा विद्यार्थी वढि उपस्थित हुने गरेको र अनुपस्थित पनि कम हुने गरेको पाइयो । त्यस्तै अभिभावकहरुको कृषि पेशा हुनु, बाली लगाउने र थन्काउने वेलामा विद्यालय जान नपाउनु, घरमा भाईबहिनी हेर्नपर्नु, घरमा कोही विरामी भए हेरचाह गर्नुपर्ने, गाँउघरमा विवाह पूजा हुँदा र पानी परेको समयमा विद्यालय जान नपाउने जस्ता कारणहरु जिम्मेवार रहेकाले विद्यालयमा नियमित उपस्थित हुन नसक्ने भन्ने जवाफ अभिभावकले दिएको पाइयो ।

विद्यालयमा कक्षा छाड्ने छात्राहरुमा धेरैजसो मधेसी, दलित ,थारु र पहाडी जनजाति जातिका छात्राहरु रहेको भनी सामुदायिक र संस्थागत दुवै विद्यालयका शिक्षकहरुले जवाफ दिएको पाइयो । जसको कारण :-घरायसी कामधन्दाले पढ्न नपाउनु, फेल हुनु, कक्षाको तुलनामा उमेर बढी हुनु, छिटो विवाह हुनु, अभिभावकको अन्धविश्वास जस्तै : छोरीलाई जति पढाए पनि अर्काको घरमा काम गर्न पठाउनै पर्छ भन्ने सोचाई जस्ता तत्वहरु जिम्मेवार रहेको भनी शिक्षकहरुको जवाफ रहेको पाइयो ।

त्यस्तै छोरीको शिक्षा प्रतिसामुदायिक विद्यालयका सरोकारवालाहरु भन्दा संस्थागत विद्यालयका सरोकारवालाहरु वढी सकारात्मक र सचेत रहेको पाइयो ।

वास्तवमा जातिगत रुपमा छात्राहरुको विद्यालयमा सहभागिता वढाउन अभिभावकको आर्थिक पक्ष सवल बनाउने किसिमका रोजगारमूलक कार्यक्रम ल्याउनुपर्ने, अभिभावकमा चेतनाको विकास गराउने, छुवाछुतको धारणालाई कम गर्ने, छात्रा छात्रवृत्ति, ड्रेस लगायतका छात्रा विद्यार्थीलाई पढ्न आवश्यक पर्ने सामाग्री निशुल्क उपलब्ध गराउनुपर्ने, विद्यालयको वातावरण छात्रा मैत्री वनाउनु पर्ने, छात्राहरुलाई नियमित उपस्थित गराउनका लागि प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था सामुदायिक विद्यालयका साथै संस्थागत विद्यालयले अवलम्वन गर्नुपर्ने देखिन्छ । साथै विशेष गरी अभिभावकको सहभागिता वढाउन जोड दिनुपर्ने र अभिभावकसँगको संबन्ध अझ सुदृढ गराउनुपर्ने जस्ता उपायहरु अपनाउनु पर्ने देखिन्छ ।

# विषय-सूची


| | पेज नं. |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधसार | iv |
| विषय सूची | vi |
| तालिका सूची | viii |
| सङ्क्षिप्त शब्दावलीहरुको सूची | x |
| **अध्याय एकः परिचय** | **१-६** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अनुसन्धान प्रश्नहरु | ५ |
| १.५ अध्ययनको औचित्य | ५ |
| १.६ अध्ययनको सीमा | ६ |
| १.७ शब्दावलीहरुको परिभाषा | ६ |
| **अध्याय दुईः पूर्व साहित्यको समिक्षा** | **७-१६** |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | ७ |
| २.२ अनुसन्धान साहित्यको पुनरावलोकन | १० |
| २.३ अवधारणात्मक ढाँचा | १५ |
| **अध्याय तीनः अध्ययन विधि** | **१७-२०** |
| ३.१ अनुसन्धान ढाँचा | १७ |
| ३.२ अध्ययनको जनसंख्या | १७ |
| ३.३ नमुना छनोट | १७ |
| ३.३.१ अध्ययन क्षेत्रको छनोट | १८ |
| ३.३.२ विद्यालय छनौट | १८ |
| ३.३.३ सूचनादाताहरुको छनौट | १८ |

३.४ साधनहरूको निर्माण १८

३.४.१ विद्यालय सर्वेक्षण फाराम १८

३.४.२ प्र.अ./शिक्षकहरुका लागि प्रश्नावली १९

३.४.३ अभिभावकका लागि अन्तर्वार्ता १९

३.४.४ मतसर्वेक्षण फाराम १९

३.५ अनुसन्धान साधनको वैद्यता निर्धारण २०

३.६ तथ्याङ्क संकलन प्रक्रिया २०

३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया २०

**अध्याय चारः तथ्याङ्कको विश्लेषण र व्याख्या** २१-४०

४.१ छात्रा सहभागिताको स्थिति २१

४.१.१ विद्यालयमा छात्राहरुको भर्ना अवस्था २१

४.१.२ छात्राहरुको विद्यालयमा उपस्थिति ३१

४.१.३ कक्षा छाड्ने छात्राहरुको संख्या ३३

४.१.४ उमेर र कक्षाको अवस्था ३४

४.२ छात्राहरुको सहभागिता वारे सरोकारवालाहरुको धारणा ३५

४.२.१ शिक्षकहरुको दृष्टिकोण ३६

४.२.२ अभिभावकको छोरी प्रति हेर्ने दृष्टिकोण ३८

**अध्याय पाँचः प्राप्ति,निष्कर्ष र सुझावहरू** ४१-४४

५.१ मुख्य प्राप्तिहरु ४१

५.२ निष्कर्ष ४२

५.३ सुझावहरू ४३

**सन्दर्भग्रन्थ सूची**

**अनुसूचीहरू**

## तालिकाहरुको सूची

**तालिका नं.** **पेज नं.**

तालिका १ : नेपालमा रहेका विद्यालयहरुको तहगत रुपमा कुल संख्यात्मक स्थिति ११

तालिका २ : भौगोलिक रुपले नेपालमा रहेका प्राथमिक तह सम्मका विद्यार्थी भर्ना १२

तालिका ३ : भौगोलिक रुपले नेपालमा रहेका निम्न माध्यमिक तह सम्मका विद्यार्थी भर्ना १२

तालिका ४ : लैङ्गिक दृष्टिले सामुदायिक तथा संस्थागत विद्यालयको प्राथमिक र निम्न माध्यमिक तहमा विद्यार्थीहरुको भर्ना १३

तालिका ५ : प्राथमिक तहमा छात्राको भर्ना अनुपात १४

तालिका ६ : निम्न माध्यमिक तहमा छात्राको भर्ना अनुपात १४

तालिका ७ : सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको भर्ना २२

तालिका ८ : तहगत रुपमा ब्राम्हण/क्षेत्री छात्राहरुको भर्ना २२

तालिका ९ : तहगत रुपमा तराई जनजाति (थारु) छात्राहरुको भर्ना २३

तालिका १० : तहगत रुपमा पहाडी जनजाति छात्राहरुको भर्ना २४

तालिका ११ : तहगत रुपमा पहाडी दलीत छात्राहरुको भर्ना २५

तालिका १२ : तहगत रुपमा मधेसी छात्राहरुको भर्ना २५

तालिका १३ : तहगत रुपमा मधेसी दलीत छात्राहरुको भर्ना २६

तालिका १४ : तहगत रुपमा मुसलमान छात्राहरुको भर्ना २६

तालिका १५ : प्राथमिक विद्यालय तहमा जातिगत रुपमा संबन्धित जातिका छात्रको तुलनामा छात्रा भर्ना अनुपात २७

तालिका १६ : निम्न माध्यमिक विद्यालय तहमा जातिगत रुपमा संबन्धित जातिका छात्रको तुलनामा छात्रा भर्ना अनुपात २७

तालिका १७ : माध्यमिक विद्यालय तहमा जातिगत रुपमा संबन्धित जातिका छात्रको तुलनामा छात्रा भर्ना अनुपात २८

तालिका १८ : प्राथमिक विद्यालय तहमा छात्राहरुको जातिगत संरचना २९

तालिका १९ : निम्न माध्यमिक विद्यालय तहमा छात्राहरुको जातिगत संरचना २९

तालिका २० : माध्यमिक विद्यालय तहमा छात्राहरुको जातिगत संरचना ३०

तालिका २१ : सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीहरुको जम्मा भर्ना ३१

तालिका २२ : सामुदायिक विद्यालयमा उपस्थित हुने विद्यार्थीहरुको अवस्था ३२

तालिका २३ : संस्थागत विद्यालयमा उपस्थित हुने विद्यार्थीहरुको अवस्था ३२

तालिका २४ : सामुदायिक र संस्थागत विद्यालयमा कक्षा छोडेका छात्राहरुको संख्या ३३

तालिका २५ : अभिभावकका अनुसार सामुदायिक विद्यालयमा कक्षा छाड्ने केटाकेटीहरुको संख्या ३४

तालिका २६ : विद्यालय जाने केटाकेटीहरुको उमेर र कक्षाको अवस्था ३४

## संक्षिप्त शब्दावलीहरुको सूची

प्रा.वि. = प्राथमिक विद्यालय

नि.मा.वि. = निम्न माध्यमिक विद्यालय

मा.वि. = माध्यमिक विद्यालय

DOE = Department of Educatoin

MOE = Ministry of Education

CERID = Research Center  for Educational Innovation and Development

# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा औपचारिक शिक्षा सामुदायिक र संस्थागत विद्यालयबाट प्रदान गरिदै आएको पाइन्छ । सामूदायिक विद्यालय भन्नाले नेपाल सरकारको मातहतमा रहेको बिद्यालयलाई बुझिन्छ । यस्तो विद्यालयमा हुने सम्पूर्ण आर्थिक र शैक्षिक व्यवस्थापन सरकारले गर्दछ भने कुनै व्यक्ति वा संघसंस्था द्धारा संचालित विद्यालयलाई संस्थागत विद्यालयको रुपमा लिइन्छ । यस्तो विद्यालयमा आर्थिक र शैक्षिक व्यवस्थापन सरकारले नगरी तीनै संस्थाका संस्थापक व्यक्तिहरु द्धारा गरीन्छ । यस्तो विद्यालय सञ्चालनका लागि आर्थिक संकलन विद्यार्थीहरुबाट गरीन्छ भने त्यस्ता विद्यालयलाई निजी विद्यालय  पनि भनिन्छ । यी विद्यालयहरुको संबन्धमा तल अझ प्रस्ट रुपमा प्रस्तुत गरिएको छ ।

घिमिरे (२०७१,बैशाख) का अनुसार पञ्चायती व्यवस्थालाई प्रवर्द्धन गर्ने ध्येयले २०२८ सालमा आएको नयाँ शिक्षा योजनाले देश भरका सामुदायिक र निजी स्कूललाई राष्ट्रियकरण गऱ्यो । त्यसपछि समुदायले जुन आशा र आकांक्षाका साथ विद्यालय स्थापना गरी संचालन गरेका थिए, त्यसमा विस्तारै धमिरा लाग्न थाल्यो । राष्ट्रियकरण पछि शिक्षकलाई तलव  खुवाउने  जिम्मेवारीबाट समुदाय मुक्त भयो, शिक्षकको तलव पनि हवात्तै बढ्यो तर हिजो समुदायको स्कूल हुँदा जसरी शिक्षकहरु काम गर्थे त्यो भावना, जिम्मेवारी र उत्साह विस्तारै कम हुदै गयो । वि. स. २०३६ साल सम्म आइपुग्दा  काठमाण्डौंको 'एलिट' र अन्य मध्यम वर्गले आफ्ना सन्तानका लागि सरकारी विद्यालयको विकल्प खोज्न थाले । उनीहरुको आवश्यकतालाई मध्यनजर गरेर शाही सरकारले नियममा शंसोधन गरेर निजी विद्यालय खोल्न पाउने बाटो खुला गरिदियो । परिणामतः हाल   (२०७०साल) देशभर ५५१० निजी स्कूलहरु संचालनमा छन । त्यो संख्या भनेको सार्वजनिक विद्यालय २९२७२ भन्दा पाँच गुणा सानो हो ।

यसर्थ नेपालमा हाल २ किसिमका विद्यालयहरु संचालित छन् । सम्पूर्ण आर्थीक दायित्य सरकारले व्यहोर्ने गरी संचालित विद्यालय सामुदायीक विद्यालय हुन् , निशुल्क शिक्षणको व्यवस्था यस्ता विद्यालयको विशेषता हो । त्यस्तै निजी क्षेत्रबाट दायित्व आफै लिएर स्थापित गरिएका विद्यालय संस्थागत विद्यालय  हुन् , यस्ता विद्यालयमा शुल्क बढी हुने गर्दछ । यस्ता विद्यालयले नेपाल सरकारले विद्यालय तहका लागि निर्धारण गरेको पाठ्यक्रम अनिवार्य रुपमा लागू गराउनु पर्ने र अन्य विषयका लागि नेपाल सरकार समक्ष स्वीकृति लिनुपर्ने व्यवस्था शिक्षा ऐनले गरेको छ ।

दिक्षित ( २०७०,श्रावण) का अनुसार आज देशमा ३४३६१ वटा आधारभूत विद्यालय र २ करोड ६५ लाख जनसंख्यामा  विद्यालय जाने उमेरको संख्या ६६ लाख रहेको छ । जुन कुल जनसंख्याको २५% हुन आँउछ । निजी र सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर विचको खाड्ल फराकिलो हुदै जानु सामाजिक प्रभावका दृष्टिले गम्भिर राष्ट्रिय चिन्ताको विषय हो । तसर्थ, विद्यालय शिक्षामा निजी स्कूलको योगदान जे जति भए पनि ८०%

भन्दा वढी वालवालिका पढ्ने सामुदायिक  शिक्षाको क्षेत्र सुधार गरी त्यहाँ गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु बाहेक देश सँग अरु कुनै विकल्प छैन ।

अधिकारी (२०६०) मा उल्लेख गरे अनुसार महिला र पुरुष एकै रथका दुई पाङ्ग्रा हुन् । एउटाको अभावमा अर्कोले काम  गर्न सक्दैनन् ।  तसर्थ एउटाको मात्र विकास हुदैमा विकासले पूर्णता प्राप्त गर्न सक्दैन । एउटा परिवार र समाजमा महिलाको महत्त्वपूर्ण स्थान र भूमिका हुन्छ । एउटा पुरुष शिक्षित भएमा उ एक जना मात्र शिक्षित हुन्छ, तर एउटी महिला शिक्षित भएमा परिवार नै शिक्षित  बन्दछ । नेपाली समाज  अन्धविश्वास र रुढीवादीको  कुचक्रमा परेको हुनाले छोरीको शिक्षा प्रति अभिभावकहरुले त्यत्ति चासो देखाएको  पाइदैन । महिलाहरुलाई परिवार, समाज र राष्ट्रको सामाजिक, आर्थिक र राजनैतिक क्रियाकलापमा सहभागी  गराउन शिक्षाको अति आवश्यकता पर्दछ । समाजमा आफ्नो अधिकारको पहिचान र सदुपयोग गरी देश विकासमा सहभागी गराउन पनि उनीहरुलाई शिक्षाको आवश्यकता पर्दछ । नेपालमा औपचारिक शिक्षाको सुरुवात सँगै महिलाहरुको शिक्षामा समान अवसर नपाएता पनि महिला शिक्षाको औपचारिक शुरुवात भने वीर शम्सेरको पालामा भारतिय महिला गंगावाईले शुरु गरेकी थिइन । त्यसपछि चन्द्र शम्सेरले काठमाण्डौको ढोकाटोलमा वि.सं. १९८० मा एउटा कन्या पाठशाला स्थापना गरी महिला शिक्षालाई अघि बढाउने प्रयास गरेका थिए । वि.सं.१९७६ मा स्थापित त्रि-चन्द्र कलेजमा  वि.सं. २००४ मा गएर ४ जना छात्राहरु भर्ना भएका थिए । त्यसपछि देशमा भएको राजनैतिक परिवर्तन सँगै शिक्षा प्रणालीमा पनि निरन्तर रुपमा परिवर्तन हुदै गयो र महिलाहरुको शिक्षामा उल्लेख्य सहभागिता नभएता पनि विस्तारै बढ्ने क्रम देखीन्छ ।

DOE (2065) ले Flash I Report मा उल्लेख गरे अनुसार प्राथमिक तहमा भर्ना भएका विद्यार्थीको कुल संख्यामा छात्राहरुको प्रतिशत ४९.५% रहेको छ । त्यस्तै निम्न माध्यमिक तहमा कुल विद्यार्थी संख्याको ४९.२% छात्रा रहेका छन् भने माध्यमिक तहको कुल विद्यार्थी संख्यामा छात्राको अनुपात ४७.२%  रहेको छ । यसरी छात्राको भर्ना छात्रको तुलनामा विद्यालयमा कम रहेको देखीन्छ ।

त्रिपाठी (२०६६) का अनुसार पूर्व प्राथमिक तहमा ४६.३ प्रतिशत, प्राथमिक तहमा ४७.६ प्रतिशत, माध्यमिक तहमा ३९.७ प्रतिशत र उच्च माध्यमिक तहमा ४२ प्रतिशत  कुल बालिका सहभागिता दर रहेका छन् । त्यसैगरी उच्च माध्यमिकमा ९२.९ प्रतिशत र माध्यमिक स्तरमा ९३.१ प्रतिशत सम्मका अन्तिम परिक्षामा सहभागी हुने बालिकाहरु रहेका छन । यस अन्तर्गत छात्रहरुका लागि ९१.५ र छात्राहरुका लागि ९१.८ प्रतिशत छ । तर प्राथमिक तहमा यी आँकडाहरु नराम्रा छन् जसमा छात्राका लागि ८४.३ र छात्रका लागि ८४ प्रतिशत छन् । यसै सन्दर्भमा उनी अगाडि भन्दछन् प्राथमिक तहका कुल विद्यार्थीहरुमध्ये ९ प्रतिशत संस्थागत विद्यालयहरुमा र बाँकी ९१ प्रतिशत सामुदायिक विद्यालयहरुमा छात्राहरु रहेका छन् । नेपालको समग्र अनुपात ४८.३० प्रतिशत रहेको छ जस मध्ये सामुदायिक विद्यालयमा छात्राहरुको अनुपात ४२.७ प्रतिशत छ । त्यसैगरी माध्यमिक तहमा ४.१ प्रतिशत  र उच्च माध्यमिक तहमा ४६.६ प्रतिशत अनुपातहरु रहेका छन् । सामाजिक समूह अनुसार माध्यमिक तहमा र उच्च माध्यमिक तहमा दलितको सहभागिता सबैभन्दा कम छ भने भौगोलिक क्षेत्र अनुसार तराईमा सबैभन्दा कम ४३.६ प्रतिशत सहभागिता दर छ ।

नेपाल सरकारबाट शिक्षामा सबैको पहुँच, शिक्षामा समान अवसरका विभिन्न कार्यक्रम जस्तैः छात्रालाई निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक वितरण, विभिन्न किसिमका छात्रवृत्ति प्रदान र अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्दा पनि छात्राहरु अझै पनि प्रायः शिक्षामा पछाडि परेको अवस्थामा सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको सहभागिता के कस्तो रहेको छ, सहभागिता घटीबढी हुनुका कारणहरु के के हुन सक्छन् भन्ने कुरामा यो अनुसन्धान केन्द्रित रहको थियो ।

## १.२ समस्याको कथन

नेपाली समाजमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोण फरक रहेको छ । समाज २१ औं शताब्दीमा आईपुग्दा सम्म नेपाली समाजमा छोरीलाई छोरा सरह शिक्षा दिनुपर्छ भन्ने मान्यता र सोचाईको विकास अझै हुन नसकेको देखिन्छ । तर यसका बाबजुद पनि यो परिवर्तन परिस्थिति र ज्ञानको विकासका कारण यो मान्यता र सोचाईमा आंशिक रुपमा परिवर्तन भएको देखिन्छ । जसका कारण समाजमा छोरीको विद्यालय भर्ना हुने संख्यामा वृद्धि भएको देखिन्छ । तर बिडम्बना के छ भने धेरै जसो अभिभावकले छोरीहरुलाई संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा भर्ना गर्ने गरेको देखिन्छ भने भर्ना गरेता पनि माध्यमिक तहसम्मको अध्ययन पुरा गर्न नपाउँदै स्कुल छुटाउने गरेको पाइन्छ । छोरीलाई विद्यालय भर्ना गर्ने अभिभावक मध्ये थोरैले मात्र छोरीलाई संस्थागत विद्यालयमा छोरा सरह समान शिक्षा र अवसर प्रदान गर्नुपर्दछ भनी स्तरीय शिक्षाका लागि छोरीलाई पनि संस्थागत विद्यालयमा भर्ना गरेको पाइन्छ तर धेरै जसो गाउँ तिरका अभिभावकले आफ्ना छोरीलाई औपचारिकता पुरा गर्नका लागि मात्र पनि सामुदायिक विद्यालयमा भर्ना गर्दछन् । विद्यालयमा छात्राको सहभागिता कम हुनु त्यो पनि विशेष गरेर संस्थागत विद्यालय र सामुदायिक विद्यालयमा पढ्न पाइरहेका छात्राहरुले पनि पढ्दा पढ्दै बिचमा छाड्नु भनेको महिला शिक्षामा देखिएको समस्या हो ।

MOES (2009) को अध्ययन अनुसार उक्त अध्ययनले माध्यमिक तहमा छात्राहरुको सहभागिता कम हुनुको साथै अतिरिक्त क्रियाकलापमा पनि छात्राहरुको सहभागिता कम हुनुमा विद्यालय प्रभावकारी शिक्षणको कमी, छोरीको शैक्षिक मूल्य प्रति अभिभावक सचेत नहुनु, केटीहरुले घरको काम गर्नुपर्ने, विद्यालयका क्रियाकलापमा समुदायको कम संलग्नता, विद्यालय व्यवस्थापन समितिमा महिलाको कम संलग्नता, विद्यालयको दुरी तथा सरकारी नीतिजस्ता कारणहरु जिम्मेवार रहेको देखिन्छ । केटाहरुको शिक्षा सम्बन्धी गरिएको अध्ययन अनुसन्धान अनुसार पनि केटीहरुको दाँजोमा केटाहरुको विद्यालय भर्ना र पढाई पुरा गर्ने दर बढी भएतापनि माध्यमिक तहमा अध्ययनरत केटीहरुका बीचैमा कक्षा छोड्ने प्रवृत्ति बढी रहेको पाइएको छ ।

DOE ( 2069 ) को Flash I Report मा उल्लेख गरे अनुसार सामुदायिक विद्यालयको प्राथमिक तहमा कुल जम्मा भर्ना (३,८८५,४४९जना) विद्यार्थीहरु मध्ये छात्रा २,००८,९५८जना (८७.०%) र छात्र १,८७६,४९१जना (८२.८%) भर्ना भएका थिए । त्यस्तै संस्थागत विद्यालयको प्राथमिक तहमा कुल जम्मा भर्ना (६९१,२४४जना) विद्यार्थीहरु मध्ये छात्रा १३.० % र छात्र १७.२ % भर्ना भएका थिए । सामुदायिक विद्यालयको निम्न माध्यमिक तहमा कुल जम्मा भर्ना (१,५३७,१६७जना) विद्यार्थीहरु मध्ये छात्रा ८६.६ % र छात्र ८१.९ % भर्ना भएका थिए भने

संस्थागत विद्यालयको निम्न माध्यमिक तहमा कुल जम्मा भर्ना (२८६,०२५जना) विद्यार्थीहरु मध्ये छात्रा १३.४ % र छात्र १८.१ % भर्ना भएका थिए । त्यस्तै सामुदायिक विद्यालयको माध्यमिक तह (९ - १०) मा कुल जम्मा भर्ना (७२२,१४५जना) विद्यार्थीहरु मध्ये छात्रा ८४.३ % र छात्र ८०.२ % भर्ना भएका थिए भने संस्थागत विद्यालयको माध्यमिक तहमा कुल जम्मा भर्ना (१५५,९०२जना) विद्यार्थीहरु मध्ये छात्रा १५.७ % र छात्र १९.८ % भर्ना भएका थिए । यसरी छात्राको भर्ना प्राथमिक तह देखि माध्यमिक तह सम्म संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा उच्च रहेको देखिन्छ ।

यसै सन्दर्भमा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको सहभागिताको स्थिति कस्तो छ, छात्राहरुको शिक्षामा पहुँच कस्तो छ भन्ने कुरा समस्याको रुपमा खडा भएको छ । यस्ता छात्राहरुलाई शिक्षामा सहभागी गराउन राष्ट्रिय तथा स्थानीय रुपमा कसरी सकिन्छ भन्ने कुरा समस्याको रुपमा देखिएको छ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरु कति छन् ? छात्राहरु घटीबढी सहभागिता हुनुका कारणहरु के के छन्, उनीहरुका अभिभावकहरुले छोरी प्रति गर्ने व्यवहार के कस्तो छ भन्ने जस्ता समस्याहरुमा केन्द्रित रहेर यो अध्ययन गरिएको थियो ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान गर्नको लागि उद्देश्यको निर्धारण गरिन्छ । निर्धारित उद्देश्यहरु अनुरुप नै अध्ययन अनुसन्धान गर्ने काम गरिन्छ । अध्ययनले के लक्ष्य लिएको हो ? यसले प्राप्त गर्न खोजेको के हो अर्थात यस अध्ययनबाट के के कुराहरुको अपेक्षा गर्न सकिन्छ उद्देश्यमा ति विषयहरुको किटान स्पष्ट साथ गरिनु पर्दछ । यस अध्ययनमा निम्न उद्देश्यहरु राखेर अध्ययन गरिएको थियो ।

क) सामुदायिक तथा संस्थागत विद्यालयमा छात्राहरुको जातिगत रुपमा सहभागिताको अवस्था पत्ता लगाउनु ।

ख) छात्राहरुको विद्यालयमा सहभागिता बारे सरोकारवालाहरुको धारणा पहिल्याउनु ।

## १.४ अनुसन्धान प्रश्नहरु

कुनै पनि अध्ययन अनुसन्धान गर्दा अध्ययनकर्ताले त्यस सम्बन्धित प्रश्नहरु निर्माण गर्नुपर्ने हुन्छ । त्यसैले यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको शैक्षिक सहभागिता सम्बन्धी निम्नानुसारका प्रश्नहरु रहेका थिए ।

- सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको भर्ना संख्या र दैनिक उपस्थिति कस्तो छ ?
- आफ्ना छोरीको शिक्षाप्रति अभिभावकको धारणा कस्तो छ ?
- सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको सहभागिता जातिगत रुपमा घटीबढी हुनुका कारणहरु के के हुन् सक्दछन् ?

- महिला शिक्षा वारे सरोकारवालाहरुको धारणा कस्तो छ ?

## १.५ अध्ययनको औचित्य

कुनै पनि क्षेत्रमा गरिने अध्ययन तथा अनुसन्धानको उक्त क्षेत्रमा आ-आफ्नै महत्व रहेको हुन्छ । यो अध्ययन पनि सामुदायिक तथा संस्थागत विद्यालयमा छात्राहरुको सहभागिता विषयमा तुलनात्मक अध्ययन गर्ने उद्देश्यले गरिएको हुँदा शैक्षिक क्षेत्रमा यस अध्ययनको औचित्य एवं महत्व रहेको छ ।

अझै पनि ग्रामीण क्षेत्रमा छात्राहरुको विद्यालयमा पहुँच कम छ । त्यसैले यस अध्ययनको प्रमुख औचित्य भनेको सामुदायिक तथा संस्थागत विद्यालयमा छात्राहरुको सहभागिता कम बढी हुनुका कारणहरु पत्ता लगाई छात्राहरुको विद्यालयमा सहभागिता बढाउने प्रमुख महत्व हुनेछ । यसर्थ सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको सहभागिता पत्ता लगाउन यस अध्ययनको प्राप्ति एवं निष्कर्षको अध्ययन गरिएमा यसबाट निम्न पक्षहरुलाई फाइदा पुग्न जाने विश्वास लिइएको छ ।

यस अध्ययनले कपिलवस्तु जिल्लामा अवस्थित सामुदायिक तथा संस्थागत विद्यालयमा छात्राहरुको शैक्षिक सहभागिताको स्थिति सम्बन्धी जानकारी पाउन र विद्यालयमा समानता वा भिन्नताको अवस्था पहिचान गर्नका साथै भिन्नताको कारणहरु पत्ता लगाउन सकिएमा यस अध्ययनले तिनीहरुको पहुँच बढाउनका लागि सहयोग गर्नेछ ।

- विद्यालयमा छात्रा सहभागी गराउन आवश्यक पर्ने योजना वा सुधारका कार्यक्रमहरुको लागि सहयोग गर्नेछ ।
- यस अध्ययनबाट प्राप्त सूचनाको आधारमा शिक्षक, अभिभावक, जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा मन्त्रालय र विभिन्न शैक्षिक संगठनहरुलाई योजना नीति निर्माण र कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने आशा गरिएको छ ।
- त्यस्तै यस अध्ययनले नेपालमा महिला शिक्षाको विकासमा सहयोग गर्न इच्छुक दातृ संघ संस्थाहरुलाई आवश्यक सूचना प्रदान गर्नेछ ।

## १.६ अध्ययनको सीमा

समय, स्रोत खर्च र साधनलाई ध्यानमा राखी अध्ययनको उद्देश्य प्राप्तिका लागि अध्ययनलाई निम्न क्षेत्रमा मात्र सीमित गरिएको थियो ।

- यो अध्ययनलाई सुविधाजनक नमुना छनौट विधि अनुसार अनुसन्धानकर्तालाई पायक पर्ने कपिलवस्तु जिल्ला अन्तर्गत पर्ने हथौसा गा.वि.स. वडा नं. ८ को एउटा सामुदायिक तथा वडा नं ९ को एउटा संस्थागत विद्यालयका छात्राहरुमा मात्र सीमित राखिएको थियो ।

- यस अध्ययनमा छनोटमा परेका दुवै विद्यालयमा छात्रा भर्ना अध्ययनका लागि कक्षा १ देखि १० सम्म भर्ना संबन्धी तथ्यांक लिइएको थियो ।
- यस अध्ययनमा छनोटमा परेका सामुदायिक र संस्थागत दुवै विद्यालयबाट कक्षा ९ का विद्यार्थीहरुको विद्यालयमा उपस्थिति हेर्नको लागि वि.सं. २०७० सालको भर्ना भएका विद्यार्थीको हाजिरी अध्ययन गरिएको थियो ।
- यस अध्ययनमा छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको सहभागिता संबन्धी धारणा पत्ता लगाउने साधनका रुपमा महिला सरोकारवालाहरुका लागि लिकर्ट विधिको मतसर्वेक्षण र प्र.अ./शिक्षकहरुका लागि प्रश्नावली र अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका प्रयोग गरी सूचना संकलन गरियो ।

## १.७ शब्दावलीहरुको परिभाषा

यस अध्ययनसँग सम्बन्धित मुख्य मुख्य शब्दावलीहरुको परिभाषा निम्न अनुसार रहेको छ ।

**सामुदायिक विद्यालय** - नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सामुदायिक विद्यालय भनिन्छ ।

**संस्थागत विद्यालय** - नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ ।

**सहभागिता** - नेपाली वृहत शब्दकोषमा सहभागितालाई “सहभागी हुनाको भाग, कुनै काम कुरामा अरुका साथ भाग लिने वा सहभागी भएर काम गर्ने प्रक्रिया वा अवस्थालाई जनाएको छ ।” यस अध्ययनमा सहभागिता भन्नाले सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको भर्ना संख्या, छात्राहरुको उपस्थिति दिन र अनुपस्थिति दिनलाई बुझाउँछ ।

# अध्याय दुई
# पूर्व साहित्यको समीक्षा

अनुसन्धान कार्यलाई सफल बनाउनका लागि सर्वप्रथम पूर्व साहित्यको समीक्षा गर्नु अत्यन्त आवश्यक हुन्छ । यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको शैक्षिक सहभागिता भन्ने शीर्षकको अध्ययन गर्ने क्रममा यस कार्यलाई अझ स्पष्ट र प्रभावकारी बनाउनका लागि पूर्व साहित्यको समीक्षा गर्ने क्रममा आवश्यक पर्ने सिद्धान्तहरुको अध्ययनको साथै यस शीर्षकसँग सम्बन्धित विषयगत स्रोतहरुको पनि विस्तृत रुपमा अध्ययन गरीएको थियो । यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको जातिगत रुपमा सहभागिताको अवस्था पत्ता लगाउने र छात्राहरुको विद्यालयमा सहभागिता संबन्धि सरोकारवालाहरुको धारणा पहिल्याउनु भन्ने उद्देश्यसँग सम्बन्धित पूर्व शोधपत्र, पुस्तक, लेख, रचना, आयोगका प्रतिवेदन, तथ्याङ्कीय प्रतिवेदनलाई मुख्य रुपमा सम्बन्धित सैद्धान्तिक साहित्यको पुनरावलोकन र अनुसन्धान साहित्यको पुनरावलोकनमा समीक्षा गरिएको थियो । साथै यस अध्यायमा अवधारणात्मक ढाँचालाई समेत प्रस्तुत गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

समाजका प्रत्येक व्यक्तिहरुमा तिनमा रहेको जैविक विशेषताका आधारमा उ महिला र पुरुष हो भनेर छुट्टाउन सकिन्छ । व्यक्तिमा रहेको मौलिक जैविक विभिन्नताका आधारमा जब महिला र पुरुष भनेर छुट्टाइन्छ यो नै लिङ्ग हो । जैविक विशेषताका आधारमा लिङ्ग निर्धारण हुन्छ जुन निश्चित र अपरिवर्नशील हुन्छ । जबकि सामाजिक लिङ्ग सामाजिक, सांस्कृतिक व्यवस्थाबाट निर्धारण हुन्छ । समाजले नै महिला र पुरुषलाई के गर्ने, के नगर्ने भनेर पद तथा भूमिका निर्धारण गरेको हुन्छ । समाज पितृप्रधान भएका कारण पुरुष उत्मुख छ जसले गर्दा समाजमा लिङ्गका आधारमा असमानता कायम छ र सामाजिक भिन्नताका आधारमा समाजमा महिलाहरुको स्थान युगौंदेखि दोस्रो दर्जाका नागरिकका रुपमा रहेको, अधिकारहरुमा बन्देज लगाउँदै आएको छ । महिला र पुरुष बिचको भेदभाव कम गर्न र महिलाहरुलाई पुरुष सरह समान अधिकार प्रदान गर्न १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्र संघको सदस्य भएपछि महिलाहरु माथि रहेको शोषण अन्याय अत्याचार र विभेदलाई हटाउँदै उनीहरुलाई विकासमा सहभागिता गराउनु पर्ने भावना जागृत भई नेपालले वि.स.२००४ सालदेखि (मार्च ८) अन्तर्राष्ट्रिय नारी दिवस मनाउन शुरु गरेको थियो । (अधिकारी २०६९)

यसरी विश्व परिवर्तन भईरहेको परिप्रेक्ष्यमा हाम्रो जस्तो विकासोन्मुख राष्ट्रका छोरीहरुलाई शिक्षा दिनु हुँदैन, अर्काको घरजाने जात भन्ने मान्यता छ र छोरालाई बोर्डिङ्ग स्कुल पढ्न पठाउने कार्य गराउने र छोरीहरुलाई सरकारी स्कुलमा पढ्न पठाउने कार्य गराउने परम्पराको हावी हुँदै गइरहेको परिवेशमा छात्राहरुको विद्यालयमा भर्ना अनुपात, उपस्थिति पत्ता लगाउने हेतुले यस अध्यायमा उक्त परिवर्तनलाई हेर्ने प्रयास गरिएको छ ।

शिक्षा ऐन २०२८ (सातौ शंसोधन २०५८), को दफा २ बमोजिम नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सामुदायिक विद्यालय भन्ने उल्लेख छ । सामुदायिक

विद्यालयलाई अनुदानको रुपमा शत प्रतिशत शिक्षकको तलव,प्रशासनिक खर्चको निमित्त एकमुष्ट रकम, शिक्षकको अनुदानमा कमसल खर्च र कोटाको आधारमा छात्रछात्रालाई छात्रवृत्ति उपलब्ध गराउदै आएको छ । तालिम,गोष्ठि कार्यशाला र विभिन्न विषयको बैठकमा पनि शिक्षकलाई भाग लिने मौका प्रदान गरीन्छ भनी उल्लेख गरिएको छ । त्यस्तै संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई मानिन्छ भनी उल्लेख गरिएको छ ।

राष्ट्रिय योजना आयोग (२०५४) ले नवौं योजनामा उल्लेख गरे अनुसार दशौं योजनामा प्राथमिक शिक्षा सर्वसुलभ बनाउने, साक्षरता अनौपचारिक शिक्षा आदि कार्यक्रमहरु संचालन गर्ने, सक्षम जनशक्ति उत्पादन गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने उद्देश्यका साथै शिक्षामा महिला, दलित, जनशक्ति र पिछडिएका वर्गहरुको पहुँच बढाउन थप कार्यक्रम संचालन गर्ने रणनीति लिएको थियो ।

त्यस्तै क्षेत्री (२०६६) का अनुसार पाँचौ पञ्चवर्षीय योजना (२०३२-२०३७) मा छात्राहरुलाई विद्यालयमा वढी मात्रामा सहभागिता गराउने हेतुले प्राथमिक विद्यालयमा महिला शिक्षिका राख्ने निति लिइएको थियो । यसै गरी छैठौं पञ्चवर्षीय योजना (२०३६-२०४२) मा शिक्षाको अवसरवाट पिछडिएका महिला एंव छात्रालाई शिक्षाको अवसर प्रदान गर्ने विभिन्न कार्यकम संचालन गरी सहभागितामा वृद्धि गराउने कुरा उल्लेख गरीएको छ । सोहि योजनामा महिलालाई महिला विकास कार्यकममा सहभाति गराउने कुरा उल्लेख गरिएको छ । सातौं पञ्चवर्षीय योजना, (२०४२- २०४७) ले पनि महिला शिक्षालाई जोड दिएको थियो । स्थानीय एंव दुर्गम क्षेत्रमा रहेका छात्राहरुलाई वढी भन्दा वढी विद्यालय सहभागी गराउने, छात्रावासको व्यवस्था गर्ने, महिला शिक्षिका राख्ने, विद्यालय जान नपाएका छात्राहरुलाई अतिरिक्त समय प्राथमिक शिक्षा उपलव्ध गराउने उल्लेख गरिएको थियो ।

शर्मा एण्ड शर्मा (२०६६) ले उल्लेख गरे अनुसार सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्र संघको साधारण सभाले मानव अधिकारहरुको विश्वव्यापी घोषणा स्वीकार गरी आमरुपले प्रकट गऱ्यो । यस घोषणाको धारा २६ मा निम्न कुरा उल्लेख गरिएको छ :

क) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा कमसेकम प्रारम्भिक र बुनियदी अवस्थामा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्च स्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रुपले उपलब्ध हुनेछ ।

ख) मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो गर्ने तर्फ शिक्षाको प्रसार गरिने छ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरुका बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराइने छ र शान्ति कायम गर्नाका लागि संयुक्त राष्ट्र संघका प्रयत्नहरुलाई बढाइने छ ।

ग) छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमाबाबुलाई हुने छ ।

यस प्रकार मानव अधिकारको विश्वव्यापी घोषणा १९४९ ले शिक्षालाई पनि मानव अधिकारको रुपमा प्रतिस्थापन गरेको र नेपाल पनि यसको पक्ष राष्ट्र भएकोले बालबालिकालाई माध्यमिक तहसम्म शिक्षा प्रदान गर्न कटिबद्ध बनेको छ।

बराल (२०६६) का अनुसार सबैका लागि शिक्षा अन्तर्गत सन् २०१५ सम्ममा सबै बालबालिकाहरु बिशेष गरी बालिकाहरु, कठिन परिस्थितिमा परेका बालबालिका एंम् अल्पसख्यक जनजाति भित्र पर्ने बालबालिकाहरुका लागि निःशुल्क  एवम् अनिवार्य प्राथमिक शिक्षामा पहुँच र गुणस्तरीयता सुनिश्चित गर्ने उल्लेख गरेको र गुणस्तरयुक्त आधारभूत शिक्षाको उच्च उपलब्धि प्रति बालिकाको पूर्ण र समान पहुँच सुनिश्चित गर्ने तर्फ ध्यान केन्द्रित गरी शिक्षामा लैंगिक समानता हासिल गर्ने उल्लेख गरेको छ।

अधिकारी (२०६९) का अनुसार नेपालको अन्तरिम संविधान, २०६३ को भाग (३) धारा १७ मा शिक्षा तथा संस्कृति संबन्धि हकलाई मौलिक हक अन्तर्गत समावेश गरिएको छ । जस अनुसार निम्न कुराको व्यवस्था गरिएको छ।

उपधारा (१): प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए  बमोजिम आफ्नो मातृभाषामा आधारभुत शिक्षा पाउने हक हुनेछ।

उपधारा (२) : प्रत्येक नागरिकलाई राज्यवाट कानुनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक हुनेछ।

उपधारा (३): नेपालमा वसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संबर्द्धन गर्ने हक हुनेछ।

त्यस्तै भाग (४) धारा ३३ मा राज्यको दायित्व अन्तर्गत पनि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुता सवै हुने कुरा उल्लेख गरिएको छ।

यसरी नेपालको संविधानले शिक्षालाई अधिकारका रुपमा स्थापित गर्नुका साथै माध्यमिक तह सम्मको शिक्षा निशुल्क प्रदान गर्ने व्यवस्था गरेको  र विभिन्न वर्ग, समुदाय, लिंग, क्षेत्रका मानिसलाई लिइएको विद्यमान अवस्थामा माध्यमिक तह सम्मको शिक्षा वारे चासो वढाउनु सान्दर्भिक देखिन्छ।

राष्ट्रिय योजना आयोग (२०६४) ले त्रिवर्षीय अन्तरीम योजना २०६४- २०६७ मा उल्लेख गरे अनुसार विद्यालयहरुलाई बालबालिका मैत्रीपूर्ण वातावरण सिर्जना हुने व्यवस्था गर्ने उल्लेख गरेको, छात्रा भर्ना प्रतिशत प्राथमिक तहमा ५०, निम्न माध्यमिक तहमा ५० र माध्यमिक तहमा ४८ सम्म पुऱ्याउने लक्ष्य लिएको उल्लेख गरेको छ।

त्यस्तै, शिक्षा ऐन २०२८ को सातौ संशोधन र शिक्षा नियमावली २०५९ को तेश्रो संशोधनमा उल्लेख गरे अनुसार तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गरिएको, गरिबीको रेखामुनि रहेका दलित, जनजाति र महिला लगाएत अन्य विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ ।

## २.२ अनुसन्धान साहित्यको पुनरावलोकन

आचार्य (२०६७) द्वारा प्रकाशित लेख अनुसार शिक्षामा महिलाको सहभागिता बढाउनको लागि छात्रा छात्रवृत्ति कार्यक्रम वृद्धि गर्नुपर्ने देखिन्छ । औपचारिक शिक्षातर्फ गरिएका यस्तो कार्यक्रमले माध्यमिक विद्यालय सम्म पढ्न मद्दत पुऱ्याउँछ भने क्याम्पस तहको छात्रवृत्तिले आइ.एड वा ११/१२ कक्षामा अध्ययनरत शिक्षाशास्त्र पढ्ने केटीहरुलाई सहयोग गर्दछ ।

अधिकारी (२०६९ पृष्ठ नं. १८४/१८५) का अनुसार हाम्रो समाजमा अझ पनि छोरालाई मात्र स्कुल पठाउने, छोरीलाई काममा पठाउने, कथंकदाचित छोरीलाई स्कुल पठाए साधारण स्कुल पठाउने र छोरालाई खर्चिलो अंग्रेजी बोर्डिङ्ग स्कुलमा पठाउने चलन यद्यपि छदैछ । त्यस्तै पिछडिएका तल्लो वर्गका अधिकाशं बालबालिकाले विद्यालयको दैलो नै देख्न पाएका छैनन् । कता नै स्कुल आए पनि १/२ वर्ष पढेर बीचमै पढाई छाड्छन् ।

हाम्रो लैङ्गिक विभेदमा कारण हाम्रो छोरी चेलिहरु विद्यालय पुगिहाले पनि सास्कृतिक र सामाजिक मान्यताका कारणले उनीहरुले सन्तोषप्रद नतिजा प्राप्त गर्न सकिरहेका छैनन् । जस्तो श्रमको पारिश्रमिक विभाजन र छोरीलाई चुलो चम्को, पानी, धारा, भाँडाको काम लगाउनु कामको बोझ, भाइबहिनीको हेरचाहमा लाग्नु पर्ने आदि कारणले गर्दा छात्राहरु स्कुल गएका पनि शिक्षकले कक्षा क्रियाकलापमा तथा छलफल र अभियानमा केटाहरुप्रति मात्र वढी सुझाव देखाउने केटीहरुप्रति भएको पूर्वाग्रही धारणाले गर्दा पुरुष शिक्षकले केटीहरुलाई छलफलमा भाग लिन नदिने गरेको भनी उल्लेख छन भने शिक्षक राख्नुपर्दा प्राथमिक तहमा महिला शिक्षिकालाई वढी जोड दिने, छात्रवृत्ति र अन्य सुविधाहरु प्रदान गरी मुलत छात्राहरुलाई र शैक्षिक रुपमा पिछडिएका छात्राहरुका लागी निश्चित तोकिएको छात्रवृत्ति प्रदान गरी उनीहरुको शिक्षालाई निरन्तरता दिनुपर्छ । त्यस्तै कक्षामा नेता छान्दा छात्र वा छात्रालाई मात्र नछानी छात्रा वा छात्रलाई नियमित रुपमा परिवर्तन गरिनु पर्छ । छात्राहरुलाई समान योग्यता, समान व्यवहार गर्ने समान अवसर र समानताका आधारमा सकारात्मक कार्य गरे मात्र विद्यालयमा छात्राहरुको सहभागितामा वृद्धि हुन सक्ने भनी उल्लेख गरेको पाइयो ।

CERID ( 1991) को अध्ययन अनुसार लैंगिक विभेदले गर्दा नै छोरीहरु शैक्षिक तथा अन्य अवसरमा छोरा भन्दा पछाडि परेका छन् । वंश चलाउनको लागि छोरा नै चाहिन्छ भन्ने सोचाईले जति नै छोरी भएपनि अभिभावकहरु छोरा नै पर्खन्छन । फलस्वरुप धैरै सन्तान हुन्छन् र अभिभावकहरुले धैरै सन्तानको भार थाम्न नसकेर विद्यालय जाने उमेरमा उनीहरु पैसा कमाउनका लागि अर्काको घरमा मजदुरी गर्न जान वाध्य हुन्छन् जसले गर्दा शिक्षाको उज्यालो घामबाट उनीहरु बञ्चित रहन्छन् । ग्रामिण क्षेत्रका प्राथमिक विद्यालय उमेरका वालवालिकाको शैक्षिक सहभागिता कम गराउने तत्त्वहरुमा न्यून पारीवारिक अवस्था, अभिभावकको पेशा, शिक्षा एंव व्यवहार,

विद्यालयको दुरी, घरायसी कामधन्दा, सामाजिक मूल्यमान्यता र परम्परा जस्ता तत्त्वहरु जिम्मेवार रहेको पाउन सकिन्छ । ग्रामिण इलाकामा विद्यालय उमेर समूह ६-१५ वर्ष सम्मका ४०% वालवालिका मध्ये २२% छात्राहरु विद्यालय भर्ना भएको पाइएको छ तर अशिक्षा, निरन्तरता, बालबालिका प्रति गरिने व्यवहार, पारिवारीक आम्दानीले बालबालिकालाई विद्यालय सहभागितामा प्रयत्क्ष प्रभाव परेको पाइयो । ग्रामिण क्षेत्रका चार भागको तीन भाग बालबालिकालाई भाईबहिनी हेर्ने, घर कुर्ने, घास काट्ने,दाउरा जम्मा गर्ने, गाईवस्तु चराउने,पानि खुवाउने, पानी ल्याउने जस्ता घरायसी कामकाजमा लगाइन्छ ।

DOE (2068) ले Flash I Report मा उल्लेख गरे अनुसार नेपालमा रहेका विद्यालयको कक्षा स्तर र कुल संख्याको तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १ : नेपालमा रहेका विद्यालयहरुको तहगत रुपमा कुल संख्यात्मक स्थिति**

| तह | २००८ | २००९ | २०१० |
|---|---|---|---|
| प्रा.वि. | ३०,९२४ | ३१,७५५ | ३२,६८४ |
| नि.मा.वि. | १०,६३६ | ११,३४१ | ११,९३९ |
| मा.वि. | ६,५१६ | ६,९२८ | ७,२६६ |
| उच्च मा.वि. | १,५५६ | २,५१२ | २,५६४ |
| जम्मा | ४९,६३२ | ५२,५३६ | ५४,४५३ |

Source : School level educational statistics of Nepal and Flash I Report 2068

माथि प्रस्तुत तालिका अनुसार नेपालमा सन् २००८ मा प्राथमिक तहलाई कुल दर्ता संख्या ३०,९२४, नि.मा. तहमा १०,६३६, माध्यमिक तहमा ६,५१६ र उच्च माध्यमिक तहमा १,५५६ विद्यालयहरु दर्ता भएका छन् र सन् २००९ मा आँकडा अनुसार प्राथमिक तह सम्मका विद्यालयहरु ३१,६५५, निम्न मा.वि. ११,३४१, माध्यमिक विद्यालय ६,९२८ र उच्च मा.वि. २,५१२ रहेको छ । त्यस्तै गरी सन् २०१० का आँकडा अनुसार ३२,६८४ प्राथमिक विद्यालय, ११,९३९ निम्न माध्यमिक विद्यालय, ७,२६६ माध्यमिक विद्यालय र २,५६४ उच्च मा.वि. रहेका छन् भनी उल्लेख गरेको छ ।

**तालिका २ : भौगोलिक रुपले नेपालमा रहेका प्राथमिक तह सम्मका विद्यार्थी भर्ना**

| भौगोलिक क्षेत्र | शैक्षिक वर्ष | | |
|---|---|---|---|
| | २००८ | २००९ | २०१० |
| हिमाल | ४३७,०२५ | ४३२,०६६ | ४४९,८५२ |
| पहाड | १,९९७,९३२ | १,९९०,४८७ | १,९७५,११३ |
| उपत्यका | २५०,९०९ | २८५,६७४ | २७०,८९२ |

| | | | |
|---|---|---|---|
| तराई | २,०९६,४४७ | २,१९२,४३६ | २,२५६,०९९ |
| जम्मा | ४,७८२,३१३ | ४,९००,६६३ | ४,९५१,९५६ |

Source : DOE ,Flash I Report 2068

माथि तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कलाई स्पष्टीकरण गर्दा भौगोलिक रुपले नेपालमा रहेका प्राथमिक तह सम्मका सन् २००८ मा हिमालमा ४३७,०२५, पहाडमा १,९९७,९३२, उपत्यकामा २५०,९०९ र तराईमा २,०९६,४४७ रहेको, त्यस्तै सन् २००९ मा हिमालमा ४३२,०६६, पहाडमा १,९९०,४८७, उपत्यकामा २८५,६७४ र तराईमा २,१९२,४३६ र सन् २०१० मा हिमालमा ४४९,८५२, पहाडमा १,९७५,११३, उपत्यकामा २७०,८९२ र तराईमा २,२५६,०९९ रहेको उल्लेख गरिएको छ ।

**तालिका ३ : भौगोलिक रुपले नेपालमा निम्न माध्यमिक तह सम्मका विद्यार्थीहरुको भर्ना**

| भौगोलिक दृष्टि | शैक्षिक वर्ष | | |
|---|---|---|---|
| | २००८ | २००९ | २०१० |
| हिमाल | १०८,९७० | ११५,४९९ | १३६,०५८ |
| पहाड | ६४२,६१८ | ६९२,२१० | ७२९,३२९ |
| उपत्यका | १३१,३९४ | १४९,९९५ | १४२,८२६ |
| तराई | ५८३,८८० | ६४६,७१८ | ६९१,७१४ |
| जम्मा | १,४६६,८६२ | १,६०४,४२२ | १,६९९,९२७ |

Source : DOE,Flash I Report 2068

माथि प्रस्तुत गरिएको तालिका ३ का अनुसार भौगोलिक रुले नेपालमा रहेका निम्न माध्यमिक तह सम्मका सन् २००८ मा १०८,९७० हिमाली भेगमा, पहाडमा ६४२,६१८, उपत्यकामा १३१,३९४ र तराईमा ५८३,८८० रहेका छन् भने सन् २००९ मा हिमालमा ११५,४९९, पहाडमा ६९२,२१०, उपत्यकामा १४९,९९५ र तराईमा ६४६,७१८ रहेका छन् । त्यस्तै गरी सन् २०१० मा हिमालमा १३६,०५८, पहाडमा ७२९,३२९, उपत्यकामा १४२,८२६ र तराईमा ६९१,७१४ जना विद्यार्थीहरु निम्न माध्यमिक तहमा सहभागी रहेको उल्लेख गरेको छ ।

लैङ्गिक दृष्टिले सामुदायिक तथा संस्थागत विद्यालयको प्राथमिक र निम्न माध्यमिक तहमा विद्यार्थीहरुको सहभागितालाई निम्न तालिकाबाट प्रष्ट पार्न खोजिएको छ :

**तालिका ४ : लैङ्गिक दृष्टिले सामुदायिक तथा संस्थागत विद्यालयको प्राथमिक र निम्न माध्यमिक तहमा विद्यार्थीहरुको भर्ना**

| तह | लिंग | शैक्षिक वर्ष | | |
|---|---|---|---|---|
| | | २००८ | २००९ | २०१० |
| सामुदायिक विद्यालयको प्राथमिक तहमा | छात्राहरु | २,१५२,५५६ ( | २,१७६,४३६ ( | २,२३९,४८५ ( |

| | | | | |
|---|---|---|---|---|
| सहभागिता | छात्रहरु | ५०%) २,१३५,९६ १ ( ५०%) | ५१%) २,०७९,५७४ ( ४९%) | ५१%) २,१२३,९५८ ( ४९%) |
| संस्थागत विद्यालयको प्राथमिक तहमा सहभागिता | छात्राहरु छात्रहरु | २१२,८२३ (४३%) २८०,९७३ ( ५७%) | २७७,४९९ ( ४१%) ३९७,१५४ ( ५९%) | २५४,९८७ ( ४३%) ३३३,५२६ ( ५७%) |
| जम्मा | | ४,७८२,३१३ | ४,९३०,६६३ | ४,९५१,९५६ |
| सामुदायिक विद्यालयको निम्न माध्यमिक तहमा सहभागिता | छात्राहरु छात्रहरु | ६१९,२४९ ( ४९%) ६४४,०६४ ( ५१%) | ६८४,०३८ ( ५०%) ६८२,३१० ( ५०%) | ४७४,५२०( ४०%) ७२१,५२०(६०%) |
| संस्थागत विद्यालयको निम्न माध्यमिक तहमा सहभागिता | छात्राहरु छात्रहरु | ८७,२४५ (४३%) ११६,३०४ (५७%) | १०२,३२१ ( ४३%) १३५,७५३ ( ५७%) | ९९,९९४ ( ४३%) १३०,८०० ( ५७%) |
| जम्मा | | १,४६६,८६२ | १,६०४,४२२ | १,४२६,८३५ |

Source : School level educational statistics of Nepal and Flash I Report 2068

माथि प्रस्तुत गरिएको तालिका अनुसार सामुदायिक विद्यालयको प्राथमिक तहमा सन् २००८,२००९ र २०१० मा ५० प्रतिशत जतिको हारहारीमा छात्रा रहेका छन् भने संस्थागत विद्यालयको प्राथमिक तहमा छात्राहरुको भर्ना ५५ प्रतिशत भन्दा माथि रहेको छ । सामुदायिक विद्यालयको नि.मा.वि. तहमा सन् २००८ र २००९ मा छात्रा भर्ना ५० प्रतिशत रहेको तर २०१० मा भने ४० प्रतिशत मात्र रहेको छ भने संस्थागत विद्यालयमा सन् २००८,२००९ र २०१० मा ४३ प्रतिशत मात्र छात्राहरुको भर्ना रहेको देखिन्छ ।

**तालिका ५ : प्राथमिक तहमा छात्राको भर्ना अनुपात**

| साल | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| २००८ | २१,५२,५५६ (९१%) | २,१२,८२३ (९%) | २३,६५,३७९ |
| २००९ | २१,७६,४३६ (८९%) | २,७७,४९९ (११%) | २४,५३,९३५ |
| २०१० | २२,३९,४८५ (९०%) | २,५४,९८७ (१०%) | २४,९४,४७२ |

Source : DOE,Flash I Report 2068

माथी प्रस्तुत गरिएको तालिका अनुसार सन् २००८ मा प्रा.वि. तहमा जम्मा छात्रा भर्ना २,३६५,३७९ मध्ये ९१ प्रतिशत छात्रा सामुदायिक विद्यालयमा रहेका र ९ प्रतिशत छात्रा संस्थागत विद्यालयमा भर्ना भएका रहेछन् । त्यस्तै सन् २००९ मा जम्मा छात्रा भर्ना २,४५३,९३५ रहेकोमा ८९ प्रतिशत सामुदायिक विद्यालयमा र ११ प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका थिए भने सन् २०१० मा जम्मा छात्रा भर्ना २४,९४,४७२ रहेकोमा ९० प्रतिशत सामुदायिकका छात्रा  रहेका र १० प्रतिशत संस्थागत विद्यालयका छात्रा भर्ना भएका देखिन्छ ।

**तालिका ६ : नि.मा.वि.तहमा छात्राको भर्ना अनुपात**

| साल | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| २००८ | ६१९२४९(८८%) | ८७२४५(१२%) | ७०६४९४ |
| २००९ | ६८४०३८(८७%) | १०२३२१(१३%) | ७८६३५९ |
| २०१० | ४७४५२०(८३%) | ९९९९४(१७%) | ५७४५१४ |

Source : DOE,Flash I Report 2068


माथी प्रस्तुत गरेको तालिका अनुसार सन् २००८ मा जम्मा छात्रा भर्ना ७०६४९४ मध्ये ८८ प्रतिशत सामुदायिक विद्यालयमा र १२ प्रतिशत संस्थागत विद्यालयमा रहेका छन् । त्यस्तै सन् २००९ मा जम्मा छात्रा भर्ना ७८६३५९ रहेको मध्ये ८७ प्रतिशत सामुदायिक विद्यालयका र १३ प्रतिशत संस्थागत विद्यालयका रहेका छन् । सन् २०१० मा जम्मा छात्रा भर्ना ५७४५१४ रहेको मध्ये ८३ प्रतिशत सामुदायिक विद्यालयका र १७ प्रतिशत संस्थागत विद्यालयका रहेको देखिन्छ । यसरी सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा छात्रा भर्ना अत्यन्तै न्यून रहेको देखिन्छ ।

यसर्थ विद्यालयीय शिक्षामा छात्रा सहभागिता वृद्धि गर्ने सन्दर्भमा राज्यद्धारा संचालित कार्यक्रमहरुबाट अपेक्षित सुधार नभई क्रमिक सुधार भएको तथ्यांकीय विश्लेषणले देखाउदछ भने सामुदायिक विद्यालयमा छात्र भन्दा छात्राको सहभागिता बढी रहेको र संस्थागत विद्यालयमा छात्रको संख्यासँग उल्लेखनीय रुपमा प्रा.वि. र निम्न मा.विद्यालय सम्म लगभग समान रहेको तर माध्यमिक विद्यालयमा धेरै नै छात्र र छात्राको संख्यामा फरक रहेको तथ्यांकबाट प्रष्ट हुन्छ । राज्यका प्रयत्नहरु केन्द्रिय तहबाट उल्लेखनिय रुपमा भए पनि कार्यस्थलमा ती प्रयत्नहरुले खासै प्रगति गर्न सकेको भने देखिदैन । केन्द्रद्धारा प्रदत्त कार्यक्रमहरुले स्थानिय आवश्यकतालाई संबोधन गर्न सकेको देखिदैन । यसर्थ छात्रा शिक्षाका लागि नवीन तरिकाबाट कार्यक्रम निर्माण गर्ने, Blanket Approach को छात्रवृत्ति होइन, आवश्यकतामा आधारित विद्यालयलाई होइन व्यक्तिलाई सहुलियत दिनुपर्ने वर्तमानको आवश्यकता देखिन्छ ।

## २.३ अवधारणात्मक ढाँचा

यस अध्ययनसँग सम्बन्धित पूर्व अध्ययन अनुसन्धानको आधारमा छात्राहरुको विद्यालयमा सहभागी र सहभागिता कम हुनुका कारणहरु पत्ता लगाउन अवधारणात्मक ढाँचालाई प्रस्तुत गरिएको छ । तसर्थ यो अध्ययन निम्नानुसारको विषयवस्तुमा केन्द्रित भएर गरिएको थियो ।

चित्र १ : सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको शैक्षिक सहभागिताको तुलनात्मक अध्ययनको लागि खाँका




माथि प्रस्तुत गरीएको ढाँचा अनुसार सामुदायिक र संस्थागत विद्यालयमा छात्रा सहभागिता संबन्धी अध्ययनसँग संबन्धीत रही विद्यालयमा छात्राहरुको भर्ना, उपस्थिति, विद्यालयमा छात्रा सहभागिता घटीबढी हुनुका कारण र छात्रा सहभागिता संबन्धी सरोकारवालाहरुको धारणाको आधारमा बिश्लेषण गरीएको छ ।

# अध्याय तीन

# अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्यका लागि निश्चित योजनाको आवश्यकता पर्दछ । पूर्व योजना विना गरिने अनुसन्धान निश्चित लक्ष्य सम्म पुग्न सक्दैन । अध्ययन अनुसन्धान पद्धति तथा विधिले अनुसन्धान कार्यलाई मार्ग दर्शन गर्दछ । अध्ययन गर्ने विधि एवं तौर तरिकाहरु अध्ययनको उद्देश्य अनुसन्धानको प्रकृति र अनुसन्धानकर्ताको रुचिमा निर्भर रहेको हुन्छ र अध्ययन विधिले अनुसन्धानलाई सहज एवं सरल तरिकाले संचालन गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानलाई सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको सहभागिताको तुलनात्मक अध्ययनमा केन्द्रित गरिएको छ । यस अध्ययनलाई संपन्न गर्नका लागि परिमाणात्मक ढाँचा अन्तर्गत रहि अध्ययनको उद्देश्य सँग संबन्धित सुचना संकलन गर्नका लागि विभिन्न अभिलेख अध्ययन, हाजिरी रेकर्ड जस्ता साधन प्रयोग गरिएको छ भने गुणात्मक अनुसन्धान ढाँचा अन्तर्गत रहि अध्ययनको उद्देश्य अनुसार अनुसन्धानकर्ता स्वयम् अनुसन्धान क्षेत्रमा प्रत्यक्ष सहभागि भई विद्यालय सर्वेक्षण फाराम, प्र.अ./शिक्षकका लागि प्रश्नावली, अभिभावक अन्तर्वार्ता निर्देशिका, सरोकारवालाहरुका लागि मत सर्वेक्षण र दस्तावेज अध्ययन जस्ता मूल्यांकनका साधनहरु प्रयोग गरी प्राप्त तथ्यहरुलाई बिश्लेषण र व्याख्या गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

अनुसन्धानको भाषामा समान विशेषता भएका सजीव र निर्जिव वस्तुहरुको समूहलाई अध्ययनको जनसंख्या भनिन्छ । त्यसैले यस अध्ययनको लागि कपिलवस्तु जिल्लाको हथौसा गा.वि.स.मा संचालित ५ वटा माध्यमिक विद्यालय मध्ये सामुदायिक ३ वटा र संस्थागत २ वटा माध्यमिक विद्यालयहरु अध्ययनको जनसंख्या अन्तर्गत पर्दछन् ।

## ३.३ नमुना छनौट

ठूलो जनसंख्याबाट छनौट गरिएको प्रतिनिधिमूलक समूहलाई नमुना भनिन्छ । तसर्थ नमुना जनंसख्याको एउटा अंश मात्र हो । अध्ययन कार्यलाई सहज,सरल एवम् कम समय र खर्चमा संचालन गर्नका लागि निश्चित नमूना जनसंख्याको छनौट गर्ने गरीन्छ । यस अध्ययन कार्यलाई सम्पन्न गर्न निम्नानुसार नमुना छनौट गरीएको थियो ।

### ३.३.१ अध्ययन क्षेत्रको छनौट

यस अध्ययनकार्यलाई उद्देश्य अनुसार बनाउनका लागि पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्विनी अञ्चलमा पर्ने कपिलवस्तु जिल्लाको हथौसा गा.वि.स.लाई छनौट गरिएको थियो । अध्ययनकर्तालाई सहज, समय, साधन, खर्च कम लाग्ने र पायक पर्ने स्थान भएको हुनाले सुविधाजनक नमुना छनौट विधिको आधारमा क्षेत्र छनौट गरिएको थियो ।

### ३.३.२ विद्यालय छनौट

कपिलवस्तु जिल्ला हथौसा गा.वि.स.मा अवस्थित ५ वटा माध्यमिक विद्यालयहरु मध्ये अध्ययनकर्तालाई साधन, समय, लगानी कम लाग्ने, अध्ययनको लागि आवश्यक पर्ने सूचनाहरु सजिलै प्राप्त गर्न सकिने र पायक पर्ने हुनाले सुविधाजनक नमुना छनौट विधिको प्रयोग गरी एउटा सामुदायिक र एउटा संस्थागत विद्यालय गरी दुई वटा विद्यालयलाई नमुनाको रुपमा छनौट गरिएको थियो ।

### ३.३.३ सूचनादाताहरुको छनौट

सामुदायिक र संस्थागत दुवै विद्यालयका २ जना प्र.अ.,२२ जना शिक्षकलाई मुख्य सूचनादाताहरु मानी स्वतः छनौट गरिएको छ र अन्य सूचनादाताहरुमा उहाँहरुवाट पाएको सूचनाको आधारमा पत्ता लगाई विभिन्न जातजातिका कक्षा ८ मा पढि रहेका छात्राहरु मध्ये प्रत्येक जातिबाट पर्ने गरी १/१जना छात्रा गरी जम्मा १२ जना छात्राहरुलाई सामान्य संभावनायुक्त नमुना छनौट विधिको आधारमा छनौट गरिएको थियो । ती छात्राहरुका १२ जना अभिभावकहरुलाई सूचनादाताको रुपमा छनौट गरिएको थियो ।

## ३.४ साधनको निर्माण

यस अध्ययनका लागि उद्देश्यमा केन्द्रित रहि उद्देश्य अनुरुप अध्ययन कार्यलाई अगाडि बढाउन निम्न साधनहरुलाई प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.१ विद्यालय सर्वेक्षण फाराम

नयाँ सूचना तथा जानकारीहरु प्राप्त गर्नका लागि अनुसन्धानको विषय संबन्धी आवश्यक रुपमा गरिने खोजमूलक कार्य अध्ययन हो । यस अध्ययनको पहिलो उद्देश्य सामुदायिक तथा संस्थागत विद्यालयका छात्राहरुको सहभागिताको अवस्था पत्ता लगाउनु , दोश्रो उद्देश्य सामुदायिक तथा संस्थागत विद्यालयका छात्राहरुको विद्यालयमा सहभागिता जातिगत रुपमा घटीबढि हुनुका कारणहरु पहिचान गर्नु र तेश्रो उद्देश्य छात्राहरुको विद्यालयमा सहभागिता बारे सरोकारवालाको धारणा पहिल्याउनु भएकोले यी उद्देश्य सँग संबन्धित सूचना प्राप्त गर्नका लागि सामुदायिक र संस्थागत विद्यालयको वि.सं. २०७० सालको कक्षा १ देखि १० सम्मका छात्रा विद्यार्थीहरुको विद्यालयमा भर्ना अध्ययन गर्न र कक्षा ९ का विद्यार्थीहरुको विद्यालयमा उपस्थिति अध्ययन गर्न अभिलेख अध्ययन फारम तयार गरिएको थियो ।

### ३.४.२ प्र.अ./ शिक्षकहरुका लागि प्रश्नावली

सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको सहभागिता सम्बन्धी धारणा बुझ्नका लागि छनोटमा परेका २ विद्यालयका २ जना प्र.अ. र अध्यापनरत १६ जना शिक्षकहरु गरी जम्मा १८ जनासँग प्रश्नावली गरिएको थियो । उक्त प्रश्नावलीलाई अनुसूची १ मा र छनोटमा परेका प्र.अ./ शिक्षकहरुको नामावलीलाई अनुसूची ४ मा राखिएको छ ।

### ३.४.३ अभिभावकका लागि अन्तर्वार्ता

सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको सहभागिताको अवस्था र सहभागिता घटीबढी हुनुका कारणहरु संबन्धी जानकारी थाहा पाउनका लागि नमुना छनोटमा परेका २ विद्यालयका विभिन्न जातजातीका कक्षा ८ मा पढि रहेका ७ जना छात्राहरुको जातिगत संख्या अनुसार ती छात्राहरुका ७ जना अभिभावक सामुदायिक विद्यालयबाट र ५ जना छात्राहरु संस्थागत विद्यालयबाट छनौट गरी ती छात्राहरुका ५ जना अभिभावकसँग अन्तर्वार्ता गरिएको थियो । अन्तर्वार्ता प्रश्नावलीलाई अनुसूची २ मा र छनौटमा परेका अभिभावकहरुको नामावलीलाई अनुसूची ५ मा राखिएको छ ।

### ३.४.४ मतसर्वेक्षण फाराम

यस लिकर्ट विधिको विकास लिकर्ट द्धारा गरिएको हुनाले यसलाई लिकर्ट विधि भनिएको हो । त्यस्तै यस स्केललाई समेटेड स्केल पनि भनिन्छ । यस विधिमा अध्ययनको विषय वा समस्याको क्षेत्र अर्न्तगत विभिन्न वाक्यांश संकलन वा निर्माण गरिन्छ । यस विधिमा प्रत्येक वाक्यांशहरुमा पूर्ण सहमत , सहमत, अनिश्चत, असहमत र पूर्ण असहमत गरि पाँच वटा छनौटहरु दिइन्छ । त्यसका छनौटहरुमा अनुसन्धानकर्ताले पूर्ण सहमत देखि पूर्ण असहमत सम्म कमश ५,४,३,२, र १ अथवा १,२,३,४ र ५ अंकहरु प्रदान गर्न सक्दछ । त्यसैले यस अध्ययनमा सामुदायिक तथा संस्थागत विद्यालयका छात्राहरुको सहभागिता सम्बन्धी धारणा पत्ता लगाउनका लागि छनोटमा परेका २ विद्यालयमा अध्यापनरत

७ जना महिला शिक्षक मध्ये ४ जना सामुदायिक विद्यालयमा अध्यापनरत रहेका शिक्षिकाहरुलाई प्रश्नावली प्रयोग गरीएको थियो तिनै महिला शिक्षिकाहरुलाई मतसर्वेक्षणका लागि छनौट गरिएको थियो । कक्षा ८ मा पढिरहेका छात्राहरुको संख्या अनुसार प्रत्येक जातिबाट पर्ने गरी १० जना छात्रालाई छनौट गरिएको थियो । ती छात्राहरुका ६ जना महिला अभिभावकलाई अन्तर्वार्ता गरिएको थियो तिनै अभिभावकहरुलाई मतसर्वेक्षणका लागि पनि छनौट गरिएको थियो । छनौट प्रक्रिया उद्देश्यमूलक नमूना छनौट विधिबाट गरि सूचना संकलन गरिएको थियो । मतसर्वेक्षण फरामलाई अनुसूची ३ मा र छनौटमा परेका सरोकारवालाहरुको नामावली अनुसूची ६ मा राखिएको छ ।

### ३.५ अनुसन्धान साधनको वैद्यता निर्धारण

अनुसन्धानको उद्देश्यसँग संबन्धित सत्य तथा वैद्य सूचना संकलन गर्नका लागि निर्माण गरिएका साधनहरु मध्ये मतसर्वेक्षणलाई केही सहपाठी साथीहरुमा पूर्व परीक्षण गरिएको र शिक्षकहरु र शोधनिर्देशक ज्यू सँगको राय सुझाव अनुसार यसमा संशोधन गरेर वैद्यता निर्धारण गरिएको थियो ।

### ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनमा सूचना संकलनको लागि आफ्नो सीमित साधन, समय र सजिलोको लागि नमुना छनोटमा १ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय गरी २ वटा विद्यालयलाई लिइएको थियो । तथ्याङ्क संकलन गर्नका लागि छात्रा विद्यार्थी भर्ना विवरण तथा लिकर्टको मतसर्वेक्षण प्रयोग गरीएको थियो । कक्षा १ देखि १० सम्मको छात्राहरुको भर्ना संख्या, हाजिरी संवन्धी सूचनाहरु संकलन गरिनुका साथै कक्षा ९का विद्यार्थीहरुको २०७० सालको विद्यालयमा उपस्थिति हेर्नका लागि हाजिरी रेकर्ड बाट सूचनाहरु संकलन गरीएको थियो । साथै अध्ययनकर्ता स्वयम् अध्ययन स्थलमा गई प्राथमिक र द्वितीय सूचनाको संकलन गरिएको थियो ।

### ३.७ तथ्यांक विश्लेषण प्रक्रिया

अनुसन्धानबाट प्राप्त सूचनालाई आवश्यकतानुसार तालिकीकरण गरी विद्यालय सर्वेक्षण फाराममा अभिलेख अध्ययनवाट प्राप्त सूचनालाई विश्लेषण गरिएको छ र प्र.अ./शिक्षकहरुका लागि प्रश्नावली, अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका, सरोकारवाला (छात्राहरु, महिला शिक्षक र महिला अभिभावक) हरुका लागि मतसर्वेक्षणबाट प्राप्त सूचनालाई ट्रयांगुलेशन गरीनुका साथै गुणात्मक र परिमाणात्मक दुवै विधिको प्रयोग गरि वर्णनात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको छ ।

# अध्याय चार

# तथ्यांकको विश्लेषण र व्याख्या

अध्ययन अनुसन्धानलाई पूर्णता दिनका लागि प्राप्त सूचनालाई अर्थपूर्ण ढंगले विश्लेषण र व्याख्या गरिनुपर्दछ । यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयमा जातिगत रुपमा छात्राहरुको सहभागिताको अवस्था पत्ता लगाउनु र छात्राहरुको विद्यालयमा सहभागिता वारे सरोकारवालाहरुको धारणा पहिल्याउनु प्रमुख उद्देश्य रहेको थियो । यिनै उद्देश्यहरु पूरा गर्नका लागि कपिलवस्तु जिल्लाको हथौसा गा.वि.स.मा अवस्थित एउटा सामुदायिक विद्यालय र एउटा संस्थागत विद्यालयका शिक्षकहरुलाई विद्यालयमा छात्राहरुको सहभागिता कस्तो रहेको छ भन्ने पत्ता लगाउनको लागि प्रश्नावली, अभिभावकहरुलाई अन्तर्वार्ता प्रश्नावली र छात्राहरुको शिक्षा प्रतिको धारणा बुझ्नका लागि सरोकारवालाहरु (छात्राहरु,महिला शिक्षिका र महिला अभिभावक) लाई मत सर्वेक्षण जस्ता साधनहरुको प्रयोग  प्रयोग गरीएको थियो । त्यसैगरी दुई वटा विद्यालयको २०७० सालको कक्षा १ देखि १० सम्मका जातिगत रुपमा छात्रा विद्यार्थीहरुको भर्ना र कक्षा ९ का विद्यार्थीहरुको विद्यालयमा उपस्थिति हेर्नको लागि दस्तावेज (हाजिरी रेकर्ड) अध्ययन गरीएको थियो । ति दुवै विद्यालयबाट प्राप्त भएको सूचनालाई संकलन गरी आवश्यकता अनुसार तालिकीकरण गरी तथ्याङ्कशास्त्रीय विधि प्रयोग गरी निम्न अनुसार विश्लेषण र व्याख्या गरीएको छ ।

## ४.१. छात्रा सहभागिताको स्थिति

यस अध्ययनमा छनौटमा परेका एउटा सामुदायिक र एउटा संस्थागत विद्यालयको २०७० सालको छात्राहरुको विद्यालयमा जातिगत रुपमा कक्षा १ देखि १० सम्मको भर्ना र कक्षा ९ का विद्यार्थीहरुको विद्यालयमा उपस्थिति, शिक्षकहरुबाट पाएको सूचनाका आधारमा कक्षा छाडेका छात्रा र विद्यार्थीहरुको संख्या र अभिभावकहरुबाट पाएको जनाकारी अनुसार विद्यालय जाने केटाकेटीहरुको उमेर र कक्षाको अवस्थालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१. विद्यालयमा छात्राहरुको भर्ना अवस्था

यस अध्ययनमा छनोटमा परेका एउटा संस्थागत र एउटा सामुदायिक विद्यालयको २०७० सालको छात्राहरुको विद्यालयमा जातिगत रुपमा कक्षा १ देखि १० कक्षा सम्मको भर्ना संवन्धि तथ्याङ्कलाई

निम्न तालिकामा प्रस्तुत गरिएको छ

तालिका ७ : सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको भर्ना (२०७०)

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | छात्रा | जम्मा भर्ना | छात्रा | जम्मा भर्ना |
| प्रा.वि.तह (१-५) | २११ (४९%) | ४३३ | १०६ (३३%) | ३२४ |
| नि.मा.वि.तह(६-८) | १६७ (५३%) | ३१३ | २८ (२५%) | ११२ |
| मा.वि.तह(९-१०) | १२० (५३%) | २२८ | १९ (५८%) | ३३ |
| जम्मा | ४९८ (५१%) | ९७४ | १४७ (३१%) | ४६९ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालयमा तहगत रुपमा छात्राहरुको भर्नालाई प्रस्तुत गरिएको छ । जस अनुसार सामुदायिक विद्यालयको प्रा.वि. तहमा केटा र केटीहरुको संख्या वरावरी जस्तै पाइयो भने सोही तहमा संस्थागत विद्यालयमा केटाहरुको भन्दा केटीहरुको संख्या न्यून देखियो । त्यस्तै सामुदायिक विद्यालयको नि.मा.वि.तह मा ५० प्रतिशत भन्दा धेरै केटीहरु रहेको पाइयो भने नि.मा.वि. तहमा संस्थागत विद्यालय तर्फ जम्मा भर्ना संख्याको चार भागको एक भाग मात्र केटीहरु रहेको देखीन्छ । सामुदायिक र संस्थागत दुवै विद्यालयको मा.वि. तहमा केटीहरुको संख्या ५० प्रतिशत भन्दा बढी रहेको पाइयो । यसरी समग्रमा भन्नु पर्दा सामुदायिक विद्यालयमा तहगत रुपमा छात्राहरुको संख्या वढ्दै गएको देखिन्छ भने संस्थागत विद्यालयमा प्रा.वि. र नि.मा.वि. तहमा केटाहरुको संख्या बढी रहेको तर मा.वि.मा केटीहरुको सख्या बढेको देखिन्छ ।

त्यस्तै सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको तहगत रुपमा जातिगत भर्ना (२०७०) लाई निम्न अनुसार प्रस्तुत गरीएको छ ।

तालिका ८ : तहगत रुपमा ब्राम्हण/क्षेत्री छात्राहरुको भर्ना (२०७०)

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कूल छात्रा | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| | छात्राहरु | जम्मा | छात्राहरु | जम्मा | | |
| प्रा.वि.तह (१-५) | २९ (५५%) | ५३ | ५५ (३६%) | १५२ | ८४ | २०५ |
| नि.मा.वि.तह(६-८) | २८ (५५%) | ५१ | १८ (२७%) | ६५ | ४६ | ११६ |
| मा.वि.तह (९-१०) | २३ (५६%) | ४१ | १६(६४%) | २५ | ३९ | ६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | ८० (५५%) | १४५ | ८९ (३७%) | २४२ | १६९ (४४%) | ३८७ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालयमा तहगत रुपमा ब्राम्हण/क्षेत्री छात्राहरुहरुको भर्नालाई प्रस्तुत गरीएको छ । जस अनुसार ब्राम्हण/क्षेत्री छात्राहरुको भर्ना प्रतिशत जम्मा विद्यार्थीहरुको भर्नाको ४४% रहेको पाइयो । सामुदायिक विद्यालयमा जम्मा भर्ना ब्राम्हण/क्षेत्री विद्यार्थीहरु मध्ये ५० प्रतिशत भन्दा बढी छात्राहरु रहेको पाइयो भने संस्थागत विद्यालयमा जम्मा भर्ना ब्राम्हण/क्षेत्री विद्यार्थीहरु २४२ मध्ये ३७ प्रतिशत मात्र छात्रहरु रहेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा केटीहरुलाई बढी पढाउने गरेको भन्न सकिन्छ । सामुदायिक विद्यालयको प्रा.वि, नि.मा.वि. र मा.वि तहमा छात्राहरु ५० प्रतिशत भन्दा बढी रहेको तर छात्रहरु कम रहेको पाइयो भने संस्थागत विद्यालयको प्रा.वि तहमा छात्रको तुलनामा छात्राहरु कम रहेको देखीन्छ । त्यस्तै नि.मा.वि तहमा हेर्दा जम्मा (६५जना)ब्राम्हण/क्षेत्री विद्यार्थीहरुको चार भागको एक भाग छात्राहरु रहेको पाइयो । संस्थागत विद्यालयको मा.वि.तहमा ६० प्रतिशत भन्दा बढी छात्राहरु रहेको पाइयो । यसरी सामुदायिक विद्यालयको सबै तहमा छात्राहरुको तुलनामा छात्रहरु कम भएको तर संस्थागत विद्यालयमा प्रा.वि. र नि.मा.वि. तहमा छात्रहरु बढी रहेता पनि मा.वि. तहमा छात्राहरु बढी रहेको देखिन्छ ।

तालिका ९ : तहगत रुपमा तराई जनजाति/थारु छात्राहरुको भर्ना

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कूल छात्रा | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| | छात्राहरु | जम्मा | छात्राहरु | जम्मा | | |
| प्रा.वि.तह (१-५) | १४० (४६%) | ३०३ | २६ (३१%) | ८३ | १६६ | ३८६ |
| नि.मा.वि.तह(६-८) | १०७ (५०%) | २१६ | ४ (३१%) | १३ | १११ | २२९ |
| मा.वि.तह (९-१०) | ६७ (३१%) | २१७ | २(६७%) | ३ | ६९ | २१९ |
| जम्मा | ३१४ (४३%) | ७३६ | ३२ (३२%) | ९९ | ३४६ (४१%) | ८३४ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार थारु छात्राहरुको भर्ना प्रतिशत जम्मा विद्यार्थीहरुको भर्नाको तुलनामा ४१% रहेको छ । सामुदायिक विद्यालयमा जम्मा भर्ना भएका थारु अर्थात तराई जनजाति विद्यार्थीहरु मध्ये ५० प्रतिशत भन्दा कम छात्रा रहेका र संस्थागतमा जम्मा विद्यार्थी मध्ये तीन भागको एक भाग मात्र छात्रा रहेछन । सामुदायिक विद्यालयको प्रा.वि.तहमा थारु छात्रहरुको तुलनामा छात्राहरु कम रहेको भएता पनि नि.मा.वि तहमा छात्रा र छात्रहरु संख्या वरावर रहेको देखिन्छ भने संस्थागत विद्यालयको प्रा.वि र नि.मा.वि.तहमा थारु विद्यार्थीहरु

भर्ना भएका मध्ये तीन भागको एक भाग मात्र छात्राहरु रहेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयको मा.वि तहमा थारु विद्यार्थीहरुको तुलनामा तीन भागको एक भाग छात्राहरु रहेछन् भने संस्थागतमा हेर्दा खेरी तीन भागको दुई भाग छात्राहरु रहेको देखिन्छ । यसरी छात्रहरुको तुलनामा छात्राहरुलाई वढि सामुदायिक विद्यालयमा पढाएको देखिन्छ ।

तालिका १० : तहगत रुपमा पहाडी जनजाति छात्राहरुको भर्ना

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कूल छात्रा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | छात्राहरु | जम्मा | छात्राहरु | जम्मा | | |
| प्रा.वि.तह (१-५) | ११ (३७%) | ३० | १९ (५०%) | ३८ | ३० | ६८ |
| नि.मा.वि.तह(६-८) | २३ (७०%) | ३३ | ३ (२७%) | ११ | २६ | ४४ |
| मा.वि.तह(९-१०) | १६ (७०%) | २३ | ०(०%) | ० | १६ | २३ |
| जम्मा | ५० (५८%) | ८६ | २२ (४५%) | ४९ | ७२ (५३%) | १३५ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा देखाइए अनुसार पहाडी जनजाति (मगर, नेवार) जातीका छात्राको भर्ना प्रतिशत जम्मा विद्यार्थी भर्नाको तुलनामा ५३ प्रतिशत रहेको पाइयो । ती विद्यार्थीहरुको जम्मा भर्ना मध्ये ५८ प्रतिशत भन्दा वढि छात्राहरु सामुदायिक विद्यालयमा भर्ना रहेछन् भने ४५ प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका रहेछन् । त्यसै गरी सामुदायिक विद्यालयको प्रा.वि तहमा जम्मा भर्ना विद्यार्थीहरु मध्ये ३ भागको १ भाग मात्र छात्रहरु रहेका छन् भने संस्थागतमा छात्र र छत्रात्र वरावर रहेको पाइयो । त्यस्तै नि.मा.वि र मा.वि.मा जम्मा भर्ना भएका पहाडी जनजाति विद्यार्थी मध्ये दुई तिहाई भन्दा वढी  छात्राहरु सामुदायिक विद्यालयमा रहेका तर संस्थागत विद्यालयमा भने नि.मा.वि. तहमा जम्मा विद्यार्थी मध्ये एक तिहाई रहेको पाइएता पनि मा.वि.तहमा जनजाति छात्राहरु शून्य भएको पाइयो ।

तालिका ११ : तहगत रुपमा पहाडी दलीत छात्राहरुको भर्ना

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कूल छात्रा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | छात्राहरु | जम्मा | छात्राहरु | जम्मा | | |
| प्रा.वि.तह (१-५) | १४ (५०%) | २८ | १ (१४%) | ७ | १५ | ३५ |
| नि.मा.वि.तह(६-८) | ६ (४३%) | १४ | ० (०%) | ५ | ६ | १९ |
| मा.वि.तह(९-१०) | ५ (६३%) | ८ | ०(०%) | ० | ५ | ८ |
| जम्मा | २५ (५०%) | ५० | १ (८%) | १२ | २६ (४२%) | ६२ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार दलित छात्राहरुको भर्ना प्रतिशत जम्मा विद्यार्थीहरुको भर्नाको तुलनामा ४२% रहेको देखिन्छ भने तीनै छात्राहरु संस्थागत विद्यालयमा नगन्य छन् जस्तो कि जम्मा भर्ना मध्येको आँठ प्रतिशत जति भर्ना संस्थागतमा रहेको देखिन्छ । सामुदायिक विद्यालयमा छात्र र छात्रा वरावरी भर्ना भएको पाइयो ।

तालिका १२ : तहगत रुपमा मधेसी छात्राहरुको भर्ना

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कूल छात्रा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | छात्राहरु | जम्मा | छात्राहरु | जम्मा | | |
| प्रा.वि.तह (१-५) | ११ (५०%) | २२ | ३ (१५%) | २० | १४ | ४२ |
| नि.मा.वि.तह(६-८) | ६ (६७%) | ९ | ३ (२३%) | १३ | ९ | २२ |
| मा.वि.तह(९-१०) | ४ (५७%) | ७ | १ (२०%) | ५ | ५ | १२ |
| जम्मा | २१ (५५%) | ३८ | ७ (१८%) | ३८ | २८ (३७%) | ७६ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार मधेसी छात्राहरुको भर्ना प्रतिशत जम्मा विद्यार्थीहरुको भर्नाको तुलनामा ३७ रहेको पाइयो । मधेसी विद्यार्थीहरुको जम्मा भर्ना मध्ये ५० प्रतिशत भन्दा वढि छात्राहरु सामुदायिक विद्यालयमा भर्ना भएका रहेछन् भने मधेसी विद्यार्थीहरुको जम्मा भर्नाको तुलनामा पाँच भागको एक भाग छात्राहरु

संस्थागत विद्यालयमा भर्ना भएका रहेछन् । यसबाट के प्रष्ट हुन्छ भने मधेसी केटीहरुलाई पैसा खर्च गरेर महङ्गो विद्यालयमा नपढाउने गरेको भन्ने यस तथ्याङ्कवाट बुझ्न सकिन्छ ।

तालिका १३ : तहगत रुपमा मधेसी दलीत छात्राहरुको भर्ना

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कुल छात्रा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | छात्राहरु | जम्मा | छात्राहरु | जम्मा | | |
| प्रा.वि.तह (१-५) | ६ (४३%) | १४ | ० (0%) | १ | ६ | १५ |
| नि.मा.वि.तह(६-८) | ० (0%) | २ | ० (0%) | १ | ० | ३ |
| मा.वि.तह(९-१०) | २ (१००%) | ० | ० (0%) | ० | २ | ० |
| जम्मा | ८ (५०%) | १६ | ० (0%) | २ | ८(४४%) | १८ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार मधेसी दलित छात्राहरुको भर्ना प्रतिशत जम्मा विद्यार्थीहरुको तुलनामा ४४% रहेको पाइयो । मधेसी छात्रा र छात्रहरुको भर्ना सामुदायिक विद्यालयमा वरावरी रहेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयको नि.मा.वि. तहमा भने छात्राहरुको भर्ना शुन्य प्रतिशत रहेका देखिन्छ भने मा.वि.तहमा मधेसी छात्राहरुको भर्ना नगन्य रहेको पाइएता पनि संस्थागत विद्यालयमा भने छात्राहरुको भर्ना शून्य प्रतिशत भएको देखिन्छ ।

तालिका १४ : तहगत रुपमा मुसलमान छात्राहरुको भर्ना

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कुल छात्रा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | छात्राहरु | जम्मा | छात्राहरु | जम्मा | | |
| प्रा.वि.तह (१-५) | २ (१००%) | २ | ० (0%) | ९ | २ | ११ |
| नि.मा.वि.तह (६-८) | ३ (३३%) | ९ | ० (0%) | ४ | ३ | १३ |
| मा.वि.तह (९-१०) | ० (0%) | ० | २ (५०%) | ४ | २ | ४ |
| जम्मा | ५ (४५%) | ११ | २ (१२%) | १७ | ७ (२५%) | २८ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार मुसलमान छात्राहरुको भर्ना प्रतिशत जम्मा केटाकेटीहरुको भर्नाको तुलनामा २५ प्रतिशत रहेको पाइयो । सामुदायिक विद्यालयमा छात्रहरुको तुलना गर्दा छात्राहरुको भर्ना कम रहेको देखिन्छ भने संस्थागत विद्यालयमा मुसलमान छात्राहरुको भर्ना हेर्दा खेरी मुस्किलले भएको देखिन्छ ।

तालिका १५ : प्रा.वि तहमा जातिगत रुपमा संबन्धित जातिको छात्रको तुलनामा छात्रा भर्ना अनुपात

| जाति | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| ब्राम्हण/क्षेत्री | ५५% | ३६% | ९१% |
| पहाडी जनजाति | ३७% | ५०% | ८७% |
| तराई जनजाति | ४६% | ३१% | ७७% |
| मधेसी | ५०% | १५% | ६५% |
| मधेसी दलित | ४३% | ०% | ४३% |
| पहाडि दलित | ५०% | १४% | ६४% |
| मुसलमान | १००% | ०% | १००% |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार छात्राहरुको भर्ना प्रतिशत सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा कम भर्ना भएको देखिन्छ । त्यस मध्ये पनि मधेसी दलीत र मुसलमान जातिका छात्राहरुको भर्ना प्रतिशत संस्थागत विद्यालयमा शून्य रहेको पाइयो ।

तालिका १६ : नि.मा..वि तहमा जातिगत रुपमा संबन्धित जातिको छात्रको तुलनामा छात्रा भर्ना अनुपात

| जाति | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| ब्राम्हण/क्षेत्री | ५५% | २७% | ८२% |
| पहाडी जनजाति | ७०% | २७% | ९७% |
| तराई जनजाति | ५०% | ३१% | ८१% |
| मधेसी | ४३% | ०% | ४३% |

| | | | |
|---|---|---|---|
| मधेसी दलित | ०% | ०% | ०% |
| पहाडि दलित | ६७% | २३% | ९०% |
| मुसलमान | ३३% | ०% | ३३% |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार नि.मा.वि. तहमा छात्राहरुको भर्ना प्रतिशत सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा अति न्यून रहेको देखिन्छ । त्यस मध्ये पनि पहाडि दलीत, मधेसी दलति र मुसलमान जातिका छात्राहरुको भर्ना संस्थागत विद्यालयमा शून्य रहेको पाइयो भने मधेसी दलीत जातिका छात्राको भर्ना सामुदायिक विद्यालयमा पनि शूय रहेको दखिन्छ ।

तालिका १७ : मा.वि. तहमा जातिगत रुपमा संबन्धित जातिको छात्रको तुलनामा छात्रा भर्ना अनुपात

| जाति | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| ब्राम्हण/क्षेत्री | ५६% | ६४% | १२०% |
| पहाडी जनजाति | ७०% | ०% | ७०% |
| तराई जनजाति | ३१% | ६७% | ९८% |
| मधेसी | ६३% | ०% | ६३% |
| मधेसी दलित | १००% | ०% | १००% |
| पहाडि दलित | ५७% | २०% | ७७% |
| मुसलमान | ०% | ५०% | ५०% |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार छात्राहरुको भर्ना प्रा.वि. र नि.मा.वि. तहमा जस्तै मा.वि. तहमा पनि सामुदायिक विद्यालयमाको तुलनामा संस्थागत विद्यालयमा कम रहेको देखिन्छ भने सामुदायिक विद्यालयमा मुसलमान जातिका छात्राहरुको भर्ना शून्य रहेको र संस्थागत विद्यालयमा पहाडि जनजाति , पहाडि दलित र मधेसी दलित जातिका छात्राहरुको भर्ना प्रतिशत शून्य रहेको पाइयो ।

तालिका १८: प्रा. वि.तहगत छात्राहरुको जातिगत संरचना

| जाति | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| थारु | १४० (६६%) | २६ (२५%) | १६६ (५२%) |
| ब्राम्हण/क्षेत्री | २९ (१४%) | ५५ (५२%) | ८४ (२६%) |
| पहाडी जनजाति | ११ (५%) | १९ (१८%) | ३० (९%) |
| पहाडी दलीत | १४ (७%) | १ (०%) | १५ (५%) |
| मधेसी | ११ (५%) | ३ (३%) | १४ (४%) |
| मधेसी दलित | ६ (३%) | ० (०%) | ६ (६%) |
| मुसलमान | ० (०%) | २ (२% ) | २ (०.६३%) |
| जम्मा | २११ (१००%) | १०६ (१००%) | ३१७ (१००%) |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार सामुदायिक विद्यालयको प्रा.वि. तहमा थारु छात्राहरुको बाहुल्यता वढि भएको देखिन्छ भने संस्थागतमा ब्राम्हण/क्षेत्री छात्राहरु बढि रहेको देखिन्छ । सामुदायिकमा पहाडी जनजाति, पहाडि दलित र मधेसी छात्राहरुको संख्या बराबरी जस्तै रहेको छ तर मुस्लिम जातीका विद्याथीहरु कति पनि नरहेको देखिन्छ भने संस्थागत विद्यालयमा हेर्दा खेरी पहाडि जनजाति छात्रा रहेतापनि पहाडि दलित, मधेसी, मधेसी दलित र मुसलमान छात्राहरु नगन्य रुपमा रहेको यस तथ्याङ्कबाट प्रष्ट हुन्छ ।

तालिका १९: नि.मा. वि.तहगत छात्राहरुको जातिगत संरचना

| जाति | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| थारु | १०७ (६२%) | ४ (१४%) | १११ (५५%) |
| ब्राम्हण/क्षेत्री | २८ (१६%) | १८ (६४%) | ४६ (२३%) |
| पहाडी जनजाति | २३ (१३%) | ३ (१०%) | २६ (१३%) |
| मधेसी | ६ (३%) | ३ (११%) | ९ (४%) |
| पहाडी दलीत | ६ (३%) | ० (०%) | ६ (३%) |

| | | | |
|---|---|---|---|
| मुसलमान | ३ (२%) | ० (०%) | ३ (१%) |
| मधेसी दलीत | ० (०%) | ० (०%) | ० (०%) |
| जम्मा | १७३ (१००%) | २८ (१००%) | २०१ (१००%) |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरीएको तथ्याङ्कलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयको नि.मा.वि. तहमा थारु छात्राहरुको बाहुल्यता वढि भएता पनि संस्थागतमा थारु छात्राको बाहुल्यता नरही ब्राम्हण/क्षेत्री छात्राहरु बढि रहेको पाइयो । त्यस्तै पहाडी जनजाति छात्राहरु दश प्रतिशत सामुदायिक विद्यालयमा रहेछन् भने पहाडी दलित,मधेसी र मुसलमान छात्राहरु मुस्किलले देखिन्छन भने संस्थागतमा हेर्दा पहाडि जनजाति,मधेसी छात्राहरु अति नै न्यून रहेका छन् तर मधेसी दलित, पहाडी दलित र मुसलमान जातिका छात्राहरु नि.मा.वि. तहमा कति पनि नरहेको पाइयो ।

तालिका २० : मा.वि.तहगत छात्राहरुको जातिगत संरचना

| जाति | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| थारु | ६७ (५६%) | २ (११%) | ६९ (५०%) |
| ब्राम्हण/क्षेत्री | २३ (१९%) | १६ (८४%) | ३९ (२८%) |
| पहाडी जनजाति | १६ (१३%) | ० (०%) | १६ (३२%) |
| पहाडी दलीत | ५ (४%) | ० (०%) | ५ (४%) |
| मधेसी | ४ (३%) | १ (५%) | ५ (४%) |
| मधेसी दलीत | ३ (३%) | ० (०%) | ३ (२%) |
| मुसलमान | २ (२%) | ० (०%) | २ (१%) |
| जम्मा | १७३ (१००%) | २८ (१००%) | २०१ (१००%) |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार सामुदायिक विद्यालयको मा.वि. तहमा थारु छात्राहरुको संख्या अन्य जातीका छात्राहरुको तुलनामा वढि रहेको देखिन्छ भने संस्थागतमा थारुको संख्या भन्दा ब्राम्हण/क्षेत्री

छात्राको वढि भएको पाइयो । त्यस्तै पहाडि जनजाति दश प्रतिशत रहे पनि पहाडी दलित, मधेसी, मधेसी दलित र मुसलमान जातका छात्राहरु सामुदायिक विद्यालयमा अति न्यून रहेको देखिन्छ भने संस्थागतमा हेर्दा मधेसी छात्रा मुस्किलले पाइएको तर अन्य कुनै पनि जातका छात्राहरु मा.वि. तहमा नरहेको देखियो ।

तालिका २१ : सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीहरुको जम्मा भर्ना

| जाति | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | कूल जम्मा |
|---|---|---|---|
| थारु | ७३६ (८८%) | ९९ (१२%) | ८३५ |
| ब्राम्हण/क्षेत्री | १४५ (३७%) | २४२ (६३%) | ३८७ |
| पहाडी जनजाति | ८६ (६४%) | ४९ (३६%) | १३५ |
| पहाडी दलीत | ५० (८१%) | १२ (१९%) | ६२ |
| मधेसी | ३८ (५०%) | ३८ (५०%) | ७६ |
| मधेसी दलीत | १६ (८९) | २ (११) | १८ |
| मुसलमान | ११ (३९) | १७ (६१%) | २८ |
| जम्मा | १०८२ (७०%) | ४५९ (३०%) | १५४१ |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा प्रस्तुत गरे अनुसार सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा विद्यार्थीहरुको भर्ना कम रहेको देखिन्छ । त्यस मध्ये पनि सामुदायिक विद्यालयमा थारु जातिका छात्राहरु अन्य जातिका छात्राहरुको तुलनामा बढि रहेको पाइयो भने संस्थागत विद्यालयमा ब्राम्हण/क्षेत्री जातिका छात्राहरुको वाहुल्यता रहेको देखिन्छ ।

**४.१.२. छात्राहरुको विद्यालयमा उपस्थिति**

यस अध्ययनमा नमूना छनोटमा परेका एउटा सामुदायिक र एउटा संस्थागत विद्यालयबाट कक्षा ९ का विद्यार्थीहरुको हाजिरी रेकर्ड हेरी एक शैक्षिक शत्रमा विद्यालय उपस्थिति हुने विद्यार्थी संख्यालाई लिइएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका २२ : सामुदायिक विद्यालयमा उपस्थित हुने विद्यार्थीहरुको अवस्था

हाजिरी लिएको जम्मा दिन = १९२

| विद्यार्थी संख्या | हाजिरी दिन जम्मा | औसत उपस्थित दिन(%) | औसत अनुपस्थित दिन(%) |
|---|---|---|---|
| केटा(५८) | ७,९३५ | १३६.८१ (७१.२६%) | ५०.१३ (२८.७१%) |
| केटी(७७) | ११,४३८ | १४८.५४ (७७.३६%) | ३८.४६ (२२.२६%) |
| जम्मा = १३५ | १९,३७३ | १४३.५०(७४.७४%) | ४८.५(२५.२६%) |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

तालिका २३ : संस्थागत विद्यालयमा उपस्थित हुने विद्यार्थीहरुको अवस्था

हाजिरी लिएको जम्मा दिन = २२०

| विद्यार्थी संख्या | हाजिरी दिन जम्मा | औसत उपस्थित दिन(%) | औसत अनुपस्थित दिन(%) |
|---|---|---|---|
| केटा(८) | १,५५६ | १९४.५ (८८.४०%) | २५.५ (११.५९%) |
| केटी(१२) | २,३२९ | १९४.०८ (८८.२१%) | २५.९२ (११.७८%) |
| जम्मा = २० | ३,८८५ | १९४.२५ (८८.२९%) | २५.७५ (११.७०%) |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालयमा एक शैक्षिक शत्र (२०७० साल) मा विद्यालय खुलेका आधारमा विद्यार्थीहरुको विद्यालयमा उपस्थिति हुने संख्यालाई देखाइएको छ । जस अनुसार सामुदायिक विद्यालयका एक जना विद्यार्थी एक शैक्षिक शत्र (२०७० साल) मा औसत उपस्थित दिन १४३.५० (७४.७४%) हुने गरेको र संस्थागत विद्यालयमा औसत उपस्थित दिन १९४.२५ (८८.२९%) हुने गरेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयका एक जना विद्यार्थी एक शैक्षिक शत्रमा औसत अनुपस्थित दिन ४८.५ (२५.२६%) हुनेगरेको संस्थागत विद्यालयका एक जना विद्यार्थी एक शैक्षिक शत्रमा औसत अनुपस्थित दिन २५.७५(११.७०%) हुने गरेको पाइयो । सामुदायिक विद्यालयका २०७० सालमा हाजिरी हुने सामुदायिक विद्यालयमा केटाहरु भन्दा केटीहरुको औसत उपस्थिति प्रतिशत (करीव१२दिन) बढि रहेको पाइयो भने सोही वर्षमा संस्थागतमा केटीहरु र केटाहरुको उपस्थिति भने वरावरी प्रतिशत रहेको देखिन्छ । त्यस्तै सामुदायिक विद्यालयमा पनि केटीहरुको तुलनामा केटाहरुको विद्यालयमा अनुपस्थिति प्रतिशत बढी रहेको पाइयो भने संस्थागत विद्यालयमा भने केटा र केटीहरुको विद्यालयमा अनुपस्थिति प्रतिशत हेर्दा वरावरी रहेको देखिन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थीहरुको विद्यालय उपस्थितिको तुलना गर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा विद्यार्थीको उपस्थिति बढी देखिन्छ । यसमा पनि केटाहरु भन्दा केटीहरु वढि नियमित उपस्थित हुने गरेको देखिन्छ ।

### ४.१.३. कक्षा छाड्ने छात्राहरुको संख्या

यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरु र अभिभावकहरुबाट पाएको सूचनाका आधारमा छात्राहरुले कक्षा छाडेको संख्या र कारणलाई प्रस्तुत गरिएको छ । जसमा शिक्षकहरुलाई छात्राहरुले पढ्दा पढ्दै कक्षा छाडेका छन कि छैनन् भन्ने कुरा बुझ्नका लागि शिक्षकहरु मार्फत छात्राहरुको रेकर्ड मागी हेर्दा प्राप्त तथ्याङ्कलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका २४ : सामुदायिक र संस्थागत विद्यालयका कक्षा छोडेका छात्राहरुको संख्या

| कक्षा | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | कुल जम्मा भर्ना = ६४५ |
|---|---|---|---|
| | जम्मा छात्रा = ४९८ | जम्मा छात्रा = १४७ | |
| १ | २ | ० | २ |
| २ | ४ | ० | ४ |
| ३ | ० | ० | ० |
| ४ | ० | १ | १ |
| ५ | २ | १ | ३ |
| ६ | २ | २ | ४ |
| ७ | २ | १ | ३ |
| ८ | १ | १ | २ |
| ९ | ६ | ० | ६ |
| १० | ३ | ० | ३ |
| **जम्मा** | २२ | ६ | २८ (४.३%) |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालयका कक्षा छाड्ने छात्राहरुलाई प्रस्तुत गरीएको छ । जस अनुसार कुल जम्मा ६४५ जना छात्राहरु मध्ये २८ (४.३%)जना छात्राहरुले कक्षा छाडेको पाइयो । ती मध्ये पनि कक्षा छाड्ने क्रम संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयको ९ र १० कक्षामा छात्राको विद्यालय छाड्ने दर बढी देखिन्छ ।

त्यस्तै अभिभावकलाई तपाईको घरमा कसैले कक्षा छाडेका छन् कि छैनन् यदि छाडेका भए के कारणले छाडेका होलान भन्ने प्रश्न राख्दा उनीहरुबाट आएको जवाफलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २५ : अभिभावकका अनुसार सामुदायिक विद्यालयमा कक्षा छोड्ने केटाकेटीको संख्या

| कक्षा / विद्यार्थी | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| केटा | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | १ | ३ (५०%) |
| केटी | ० | ० | १ | ० | १ | ० | १ | ० | ० | ० | ३ (५०%) |
| जम्मा | ० | ० | २ | ० | १ | ० | १ | १ | ० | १ | ६(१००%) |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

माथिको तालिकालाई विश्लेषण गर्दा प्रत्येक घरमा झण्डै एकजना केटा र केटी दुवैले कक्षा छोडेको भनी सामुदायिक विद्यालयका अभिभावकले प्रतिक्रिया दिएका थिए भने संस्थागत विद्यालयका अभिभावकका अनुसार कक्षा छाड्ने केटाकेटीको संख्या शून्य रहेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयका सबै (७ जना) अभिभावकले आर्थिक अवस्था कमजोर हुनुका साथै आफ्ना बालबच्चा फेल भएकोले कक्षा छाडेको भन्ने जबाफ दिएको पाइयो ।

त्यस्तै के कारणले कक्षा छाडेका होलान भन्ने प्रश्न शिक्षकहरुलाई गर्दा विरामी भएर, आर्थिक अवस्था कमजोर, पढाईमा चासो नभएर र विवाह भएर भन्ने जवाफ संस्थागत विद्यालयका शिक्षकहरुले दिए भने आर्थिक अवस्था कमजोर, अभिभावक निस्क्रिय भएर,आकस्मिक दुर्घटना भएर,जनचेतनाको कमी र वसाईसराइ भएर भन्ने जवाफ सामुदायिक विद्यालयका शिक्षकहरुले दिएका थिए ।

### ४.१.४. उमेर र कक्षाको अवस्था

यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका अभिभावकहरुबाट पाएको सूचनालाई आधार मानेर केटाकेटीहरुको उमेर र कक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ । अभिभावकलाई उमेर र कक्षाको अवस्था कस्तो छ भन्ने प्रश्नको जवाफलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २६ : विद्यालय जाने केटाकेटीहरुको उमेर र कक्षाको अवस्था

| | | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| कक्षा | उमेरको मापदण्ड | वास्तविक उमेर | थप खर्च उमेर | वास्तविक उमेर | थप खर्च उमेर |
| १ | ५-६ | ६ | ० | ० | ० |
| २ | ६-७ | ८ | १ | ७ | ० |
| ३ | ७-८ | १० | २ | ० | ० |
| ४ | ८-९ | ० | ० | १० | १ |
| ५ | ९-१० | ११ | १ | १०,११ | १ |
| ६ | १०-११ | १२ | १ | ० | ० |
| ७ | ११-१२ | १३,१३ | २ | ० | ० |
| ८ | १२-१३ | ० | ० | १३ | ० |
| ९ | १३-१४ | १५,१५,१५,१६ | ४ | १५,१५,१४ | २ |
| १० | १४-१५ | १७ | २ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जम्मा = १२ जना | १३ वर्ष (औसत खेर उमेर १.०८ वर्ष) | जम्मा = ८ जना | ४ वर्ष (औसत खेर उमेर ०.५ वर्ष) |

स्रोत :- स्थलगत सर्वेक्षण (२०७१)

सामुदायिक विद्यालयका केटाकेटीको संख्या (N) = १२ र एक जना विद्यार्थीको खेर गएको औसत उमेर = १.०८ वर्ष

संस्थागत विद्यालयका केटाकेटीहरुको संख्या (N) = ८ र एक जना विद्यार्थीको खेर गएको औसत उमेर = ०.५ वर्ष

माथीको तालिकामा सामुदायिक विद्यालयका ७ जना अभिभावक र संस्थागत विद्यालयका ५ जना अभिभावकलाई सोधिएको प्रश्नको जवाफलाई प्रस्तुत गरीएको छ । जस अनुसार सामुदायिक विद्यालयका १२ जना विद्यार्थीहरुमा औसतमा प्रत्येक एक जना विद्यार्थीको उमेर कक्षागत रुपमा १.०८ वर्ष खेर गएको देखिन्छ भने संस्थागतका आँठ जना विद्यार्थीहरुमा औसतमा प्रत्येक एक जना विद्यार्थीको उमेर कक्षागत रुपमा ०.५ वर्ष खेर गएको देखीन्छ ।

यसरी संस्थागत विद्यालयका विद्यार्थी भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको उमेर औसत रुपमा ०.५८ वर्ष बढी भएको देखिन्छ ।

**४.२. छात्राहरुको सहभागिता वारे सरोकारवालाहरुको धारणा**

प्रस्तुत यस अध्ययनमा छात्राहरुको विद्यालयमा सहभागिता कस्तो रहेको छ भन्ने धारणा पत्ता लगाउनका लागि सामुदायिक र संस्थागत विद्यालयका सरोकारवालाहरुका लागि लिकर्ट स्केल (मतसर्वेण) तयार पारी अध्ययन गरीएको थियो । जसलाई विस्तृत रुपमा अनुसूचीमा दिइएको छ । उनीहरुबाट आएको जवाफलाई निम्नानुसार विश्लेष्ण गरीएको छ ।

यस अध्ययनमा केटा र केटी दुवैलाई बरावर आर्थिक अधिकार दिनुपर्छ ,दुवैलाई सकेसम्म संस्थागत विद्यालयमा पढाउनु पर्छ र जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्न नसकेका केटीहरुले पनि विद्यालयमा पढ्न पाउनु पर्छ भन्ने वाक्यांशमा ७५ प्रतिशत भन्दा वढि सरोकारवाला (महिला शिक्षक,छात्राहरु र महिला अभिभावक) हरुले सहमत जनाएको पाइयो भने केटीहरुलाई भन्दा केटाहरुलाई माथिल्लो तह सम्म पढाउनुपर्छ भन्ने वाक्यांशमा तिन चौथाई सरोकारवालाहरुले असहमत प्रतिक्रिया दिएको पाइयो । यसरी केटीहरुलाई भन्दा केटालाई बढी पढाउनु पर्छ भन्ने पक्षमा करीव एक चौथाई सरोकारवालाहरु रहेको पाइयो । तसर्थ केटा र केटीहरुमा भेदभाव गर्नु हुदैन र सबैमा दुवैको समान अधिकार हन्छ भन्ने माथिको प्रतिक्रिबाट प्रष्ट हुन्छ ।

त्यस्तै छोरा सरह खर्च गरेर छोरीलाई पढाउनुपर्छ भन्ने वाक्यांशमा बहुसंख्यक (८३%) सरोकारवालाहरु सहमत रहेता पनि छोरीलाई विवाहमा खर्च गर्नुपर्ने हुनाले उनीहरुलाई धेरै खर्च गरेर पढाउनु आवश्यक छैन भन्ने वाक्यांशमा सहमत हुने ५७ प्रतिशत र असहमत हुने ४३ प्रतिशत सरोकारवालाहरु रहेको पाइयो । यी प्रतिक्रियाबाट के प्रष्ट हुन्छ भने छोराको पढाईको लागि मात्र खर्च नगरी छोरीका लागि पनि गर्नु पर्छ भन्ने बुझ्न सकिन्छ ।

केटाहरु सरह केटीहरुलाई अंग्रेजी सिकाउनका लागि संस्थागत विद्यालयमा पढाउनु पर्छ , सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा राम्रो पढाई हुन्छ भन्ने वाक्यांशमा सहमत जनाउने बहुसंख्यक (८७%)

सरोकारवालाहरु रहेको पाइयो भने केटीहरुलाई भन्दा केटाहरुलाई संस्थागत विद्यालयमा पढाउनु राम्रो हुन्छ वाक्यांशमा ९० प्रतिशत भन्दा वढी सरोकारवालाहरुले सहमती जनाएको पाइयो । यस प्रतिक्रियाबाट के बुझ्न सकिन्छ भने केटा केटीलाई भेदभाव नगरि समान शिक्षा दिनुपर्छ ।

विद्यालयमा केटीहरुलाई जिस्काउने र होच्याउने काम पुरुष शिक्षकहरुले बढी गर्दछन् भन्ने वाक्यांशमा सरोकारवालाहरुले सहमतमा ५७ प्रतिशत र असहमतमा ४३ प्रतिशत प्रतिक्रिया दिएको पाइयो भने केटीहरुलाई घरबाट सजिलै आवतजावत मिल्ने विद्यालयमा मात्र पढाउनु पर्छ भन्ने वाक्यांशमा तिन चौथाई सरोकारवालाहरुले सहमत जनाएका थिए । केटीहरुलाई संस्थागत विद्यालयको होस्टेलमा राखेर पढाउनु हुदैन र केटीहरुले धेरै पढे भने विग्रन्छन् भन्ने वाक्यांशमा बहुसंख्यक (८७%) सरोकारवालाहरुले असहमत जनाएको पाइयो । यस प्रतिक्रियाबाट केटीहरुलाई पायकपर्ने विद्यालयमा पढाउदा राम्रो हुनुका साथै उनीहरुले पढ्न चाहे जति पढाउदा राम्रो हुने बुझ्न सकिन्छ ।

त्यसै गरी केटीहरुलाई छात्रा छात्रवृत्ति जस्ता सुविधाहरु सामुदायिक विद्यालयका साथै संस्थागत विद्यालयले पनि उपलब्ध गराउनुपर्छ भन्ने वाक्यांशमा सहभागि सबै (२३ जना) सरोकारवालाहरुले सहमत जनाएको पाइयो भने संस्थागत विद्यालयमा केटीहरुलाई मिल्ने किसिमको प्रर्याप्त भौतिक सुविधा छ भन्ने वाक्यांशमा सहमत र असहमत प्रतिक्रिया दिने सरोकारवालाहरु वरावरी जस्तै रहेको पाइयो । केटीहरुलाई कम पढायो भने विवाह गर्न गाह्रो हुन्छ भन्ने वाक्यांशमा सबै (२३जना) सरोकारवालाहरुले सहमत जनाएको पाइयो भने केटीहरुलाई वढि पढायो भने विवाह गर्न गाह्रो हुन्छ र उनीहरुको उमेर पुगेपछि पढाउनु भन्दा विवाह गरिदिनु उपयुक्त हुन्छ भन्ने वाक्यांशमा बहुसंख्यक सरोकारवालाहरुले असहमत प्रतिक्रिया दिएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने केटीहरुको विवाह गर्नु भन्दा पढाइमा जोड दिनुपर्ने अधिकांश सरोकारवालाहरुको भनाइ रहेको बुझ्न सकिन्छ ।

केटा र केटी दुवैले घरायसी काम बराबर हिसावले गर्नुपर्छ भन्ने वाक्यांशमा बहुसंख्यक (९६%) सरोकारवालाहरुले सहमत जनाए भने घरायसी काममा केटाहरु भन्दा केटीहरु वढी खट्नुपर्छ भन्ने वाक्यांशमा ६० प्रतिशत सरोकारवालाहरुले सहमती जनाएको पाइयो । यी प्रतिक्रियाबाट के प्रष्ट हुन्छ भने घरायसी काम केटीहरुले मात्र नगरी केटाहरुले पनि गर्न हुने र कुनै पनि काम केटा र केटीहरुको लागि भनी छुट्टाइएको हुदैन भन्ने बुझ्न सकिन्छ ।

### ४.२.१. शिक्षकहरुको दृष्टिकोण|

अध्ययनको लागि छनोटमा परेका एउटा सामुदायिक विद्यालयका १० जना अध्यापनरत शिक्षक र एउटा संस्थागत विद्यालयका ८ जना शिक्षकहरुसँग छात्राको विद्यालयमा कस्तो सहभागिता रहेको छ भन्ने कुरा बुझ्नको लागि प्रश्नावली लिइएको थियो । उक्त शिक्षकहरुबाट आएको जवाफलाई निम्न अनुसार बिश्लेषण गरीएको छ ।

कक्षागत रुपमा केटाहरुको उमेर भन्दा केटीहरुको उमेरमा फरक पाउनु भएको छ कि छैन भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका १० जना शिक्षकहरु मध्ये पाँच जना शिक्षकहरु र संस्थागतका आँठ जना मध्ये एक जना शिक्षकले केटा र केटीहरुको उमेर कक्षागत रुपमा फरक रहेको प्रतिक्रिया दिएका थिए । विद्यालयमा भर्ना भएका मध्ये जातिगत रुपमा कुन जातिका छात्रा नियमित उपस्थित हुने गरेका छन् भन्ने प्रश्नको जवाफमा

ब्राम्हण र थारु जातिका छात्राहरु नियमित उपस्थित हुने र उनीहरुका लागि छात्रवृत्ति र पुरस्कारको व्यवस्था गरेको भनी सामुदायिक विद्यालयका १० जना शिक्षकहरु मध्ये सात शिक्षकहरुले जवाफ दिएका थिए । त्यस्तै कुन जातिका छात्राहरु नियमित अनुपस्थित हुन्छन् भन्ने प्रश्नको जवाफमा जनजाति र दलितहरु विद्यालयमा अनुपस्थित हुने गरेको र उनीहरुका लागि घरदैलो कार्यक्रम गर्ने गरेको र छात्रवृत्ति प्रदान गर्ने गरेको भन्ने जवाफ सामुदायिक विद्यालयका १० शिक्षकहरु मध्ये सात जना शिक्षकहरुले वताए भने थारु र मधेसी जातिका छात्राहरु बढी जसो अनुपस्थित हुने र उनीहरुको लागि विद्यालयले घरदैलो कार्यक्रम संचालन गर्दै आएको र निशुल्कको व्यवस्था गरेको भन्ने राय संस्थागत विद्यालयका आँठ शिक्षकहरु मध्ये चार शिक्षकले व्यक्त गरेको पाइयो । अनुपस्थित हुनुका कारणहरु के के होलान भन्ने प्रश्नको जवाफमा गरिवी, अस्वस्था, सामाजिक, आर्थिक, पारीवारिक, सांस्कृतिक र अशिक्षा जस्ता कारणले अनुपस्थित हुने गरेको भनी सामुदायिक विद्यालयका दश शिक्षकहरु मध्ये सात जना शिक्षकहरु र संस्थागतका सबै शिक्षकहरु (८ जना) ले प्रतिक्रिया दिएका थिए । विद्यालयमा उपस्थित छात्राहरुको सक्रियता कस्तो पाउनु भएको छ भन्ने सवालको जवाफमा सामुदायिक विद्यालयका दश शिक्षकहरु मध्ये दुई जना शिक्षकले सक्रिय नरहेको राय प्रकट गरे भने सक्रिय रहेको भन्ने विचार संस्थागत विद्यालयका सबै शिक्षकहरु र सामुदायिक विद्यालयका बाँकि आँठ शिक्षकहरुले प्रकट गरेका थिए ।

त्यस्तै गरी विद्यालयमा सहभागि छात्राहरुको आर्थिक अवस्था कस्ता पाउनु भएको छ भन्ने प्रश्नको जवाफमा मध्यमखालको रहेको भनी सामुदायिक विद्यालयका दश शिक्षक मध्ये आँठ जना शिक्षक र संस्थागतका आँठ जना मध्ये छ जना शिक्षकले प्रतिक्रिया दिए भने सामुदायिकका बाँकि दुई जना शिक्षक र संस्थागतका दुई जना शिक्षकले आफुलाई कुनै जनाकारी नभएको वताए । आर्थिक अवस्था कमजोरको लागि विद्यालयले के कस्तो व्यवस्था गरेको छ भन्ने सवालको जवाफमा सामुदायिक विद्यालयका दश शिक्षकहरु मध्ये एक जना शिक्षकले कुनै सुविधा नदिएको बताए भने सोहि विद्यालयका बाँकि आँठ जना शिक्षकहरु र संस्थागत विद्यालयका आँठ जना शिक्षकहरुले छात्रवृत्तिको व्यवस्था गरेको, महिना फिसमा छुट गरेको र शैक्षिक सामाग्री निशुल्क गरेको भन्ने राय दिएका थिए ।

त्यस्तै पढि रहेका छात्राहरु मध्ये जातिय रुपमा कस्ता र कुन जातिका छात्राहरुले कक्षा छाडेका छन र के कारणले होला भन्ने प्रश्नको जवाफमा सबै जातिका छात्राहरुले छाडेका त्यसमा पनि विशेष गरी मधेसी, दलित र जनजाति जातीका छात्राहरु बढी रहेको भनी सामुदायिक विद्यालयका सबै शिक्षकहरु र संस्थागत विद्यालयका आँठ शिक्षकहरु मध्ये पाँच जना शिक्षकहरुले प्रतिक्रिया दिएका थिए ।

त्यस्तै छात्रा सहभागिता बढाउन विद्यालयले कस्तो व्यवस्था गरेको छ भन्ने प्रश्नको जवाफमा कुनै व्यवस्था नगरेको भनी सामुदायीक विद्यालयका एक चौथाई शिक्षकहरुले वताए भने बर्षमा १/२ पटक अभिभावकसँग समन्वय गर्ने गरेका र छलफल कार्यक्रम गर्दै आएको भन्ने जवाफ संस्थागत विद्यालयका आँठ जना शिक्षकहरुले वताएका थिए । विद्यालयमा छात्राहरुलाई पढ्न आउदा के कस्ता समस्या आएका र ति समधानका लागि  के उपायहरु अपनाउनु भयो भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका दुई शिक्षक र संस्थागतका चार शिक्षकले कुनै समस्या नआएको वताए भने आर्थिक समस्या, घरायसी समस्या, अस्वस्थता र अशिक्षा जस्ता समस्या आएको  र त्यसको लागि सीपमूलक र साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने,गरीव

विद्यार्थीलाई स्वास्थ्य सुविधा दिनुपर्ने, छोरीलाई पढाउनुपर्छ भनी अभिभावकलाई सम्झाउने र निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गर्नुपर्छ भन्ने जवाफ सामुदायिक विद्यालयका सात जना शिक्षक र संस्थागत विद्यालयका चार जना शिक्षकले प्रतिक्रिया दिएका थिए । त्यस्तै जातिगत रुपमा छात्रा सहभागिता बढाउन के कस्ता उपायहरु अपनाउनु पर्ला भन्ने प्रश्नको जवाफमा अभिभावकहरुलाई छात्रा विद्यालय पढाउन प्रोत्साहित गर्ने र तिनीहरुको लागी विशेष व्यवस्था गर्ने भनी सामुदायिक विद्यालयका दश शिक्षकहरु मध्ये चार शिक्षक र संस्थागत विद्यालयका आँठ शिक्षकहरु मध्ये चार शिक्षकहरुले राय व्यक्त गरेका थिए भने दलित र जनजातिहरुमा जनचेतना जगाउने, छात्रवृत्ति, जातिय समानता लागुगर्ने, घरदैलो कार्यक्रम गर्ने र पुरुष महिला विच समान व्यवहार गर्ने भन्ने जवाफ सामुदायिक विद्यालयका पाँच जना शिक्षकहरु र संस्थागत विद्यालयका पाँच जना शिक्षकहरुले प्रतिक्रिया दिएका थिए ।

**४.२.२. अभिभावकको छोरी प्रति हेर्ने दृष्टिकोण**

छोरा छोरीको शिक्षामा अभिभावकको महत्वपूर्ण जिम्मेवारी र दायित्व रहेको हुन्छ । अभिभावकहरुले घरमा जस्तो किसिमको वातावरण दिन र संस्कार सिकायो बच्चाहरु पनि त्यस्तै हुन्छन् । साथै छोराछोरीको शैक्षिक क्रियाकलापमा जति मात्रामा लगानी र रेखदेख गर्न सक्यो त्यही अनुसारको प्रतिफल प्राप्त हुन्छ । यसका लागि परिवार र त्यसमा पनि अभिभावकको महत्वपूर्ण भूमिका हुन्छ । यस अध्ययन छनोटमा परेका सामुदायिक विद्यालयका ७ जना र संस्थागत विद्यालयका ५ जना नमूना छनोटमा परेका विद्यार्थीका अभिभावकसँग उनीहरुको छोरीको शिक्षा प्रतिको धारणा बुझ्नको लागि अन्तर्वार्ता लिइएको थियो । ती सबै (१२ जना) अभिभावकहरु साक्षर रहेका थिए । उनीहरुबाट प्राप्त भएको सूचनालाई निम्न अनुसार विश्लेषण गरीएको छ ।

सामुदायिक र संस्थागत विद्यालयका अभिभावकहरुलाई विद्यालय जाने उमेरका (५-१६) केटाकेटीहरु मध्ये नजानेहरु कति छन् भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका अभिभावकहरु (७ जना) मध्ये एक जना अभिभावकले आफ्नो बच्चा विद्यालय नगएको वताए । भने संस्थागत विद्यालयका सबै (५ जना)ले आफ्ना बच्चा विद्यालय जाने वताए ।

छोरा र छोरीहरुलाई एउटै विद्यालयमा पढाउनु भएको छ कि छैन र किन भन्ने प्रश्नको जवाफमा दुवै वरावरी/समान सन्तान भएकोले एउटै विद्यालयमा पढाएको भनी संस्थागत विद्यालयका सबै (५जना) अभिभावकले जवाफ दिएका थिए भने सामुदायिक विद्यालयका सात अभिभावक मध्ये एक जना अभिभावकले छोरी विहे गरेर अरुको घरमा जानुपर्ने भएकोले छोरीलाई सामुदायिक विद्यालयमा पढाएको र छोरालाई संस्थागत विद्यालयमा पढाएको भन्ने प्रतिक्रिया दिएका थिए । यसरी १२ जना अभिभावकहरु मध्ये १ जना अभिभावकले आफ्नो छोरीलाई सामुदायिक विद्यालयमा र छोरालाई संस्थागत विद्यालयमा पढाउने गरेको पाइयो । त्यस्तै छोरीलाई किन पढाउनु पर्छ भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका सात जना अभिभावक मध्ये एक जना अभिभावकले छोरीलाई पढाउन त्यत्ति आवश्यक नरहेको प्रतिक्रिया दिए भने सोही विद्यालयका बाँकी छ जना अभिभावक र संस्थागत विद्यालयका पाँच अभिभावकहरु मध्ये दुई जनाले अरुको भरमा जिउनु नपर्ने, आफ्नो खुट्टामा आफै उभिन, जान्नी वुझ्नी हुनु र अरुसँग नदबिनका लागि पनी छोरीलाई पढाउनु आवश्यक रहेको भनी प्रतिक्रिया दिएका थिए । संस्थागत विद्यालयका तीन जना अभिभावकले आत्म निर्भर हुन, सभ्य समाजको निर्माण गर्न, घर व्यवहार

चलाउन र आफू सक्षम हुन छोरीलाई पढाउनु पर्ने भनी राय व्यक्त गरेका थिए । त्यस्तै छोरीलाई नपढाउदा के हुन्छ भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका सात अभिभावक मध्ये एक जना अभिभावकले नपढाउदा कुनै फरक नपर्ने भन्ने जवाफ दिए भने सामुदायिक विद्यालयका बाँकी छ जना र संस्थागत विद्यालयका पाँच जनाले अरुवाट दविनु पर्ने, घरको चुलोचौकामा मात्र सिमित हुनुपर्ने, वाहिरको कुरा थाहा नहुने, घरपरिवारलाई सञ्चालन गर्न र समस्या समाधान गर्न गाह्रो हुने कुरा व्यक्त गरेको पाइयो ।

त्यस्तै छोरीलाई कति कक्षा सम्म पढाउने विचार गर्नु भएको छ र किन भन्ने सवालको जवाफमा सामुदायिक विद्यालयका पाँच जना अभिभावकले आर्थिक अभावले गर्दा माथिल्लो कक्षा सम्म पढाउन नसक्ने र विहे गरीदिनु पर्ने हुनाले एस.एल.सि.सम्म पढाउने भन्ने राय व्यक्त गरेका थिए भने सामुदायिकका दुई जना र संस्थागतका पाँच जना अभिभावकले आफैमा आत्मनिर्भर गराउनका लागि छोरीको इच्छा चाहानानुसार पढाउने भन्ने प्रतिक्रिया दिएको देखिन्छ । छोरीको शिक्षाका लागि के कस्ता कामहरु गर्नु भएको छ भन्ने प्रश्नको जवाफमा किसानी काम गरेर, ऋण लिएर, अरुको घरमा काम गरेर, कपडा सिलाएर छोरीको आवश्यक चिजहरु पूरा गरेको भनी सामुदायिक विद्यालयका सबै अभिभावक (सात जना) ले वताए भने भने सोही प्रश्नको जवाफमा आफूले घरको काम गरी छोरीलाई पढ्न दिएको भन्ने राय संस्थागत विद्यालयका सबै अभिभावकले व्यक्त गरेको देखिन्छ । त्यस्तै छोराछोरीहरु कहिले विद्यालयमा अनुपस्थित हुने गर्दछन् भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका सात जनै अभिभावकले खेती लगाउदा, गाँउ घरमा विहे हुँदा,चाडपर्वको बेला, पानी पर्दा र विरामी हुँदा अनुपस्थित हुने गरेको बताए भने संस्थागत विद्यालयका सबै अभिभावकहरु (पाँच जना)ले बिरामी हुँदा आफ्ना बच्चा विद्यालय नजाने वताएका थिए । महिला र पुरुष शिक्षकहरुले छोरी प्रति कस्तो व्यवहार देखाएका छन् भन्ने प्रश्न अभिभावकलाई राख्दा सामुदायिक विद्यालयका साँत अभिभावक मध्ये एक जना अभिभावकले आफु विद्यालयमा वुभ्न नगएको बताए भने तल्लो जाति भएकाले हेप्ने र कहिले काही पिट्ने भनी तीन जना अभिभावकले प्रतिक्रिया दिएका थिए । त्यस्तै संस्थागत विद्यालयका पाँच जना अभिभावक र सामुदायिकका तीन जना अभिभावकले राम्रो व्यवहार गरेको भन्ने राय प्रकट गरेका थिए ।

त्यस्तै छोरीलाई पढ्न पठाउदा के कस्ता समस्याहरु आएका छन् भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयका पाँच अभिभावकले भाईवहिनी हेर्नुपर्ने, घरमा सदस्य विरामी हुँदा, आर्थिक अभाव हुँदा र तल्लो जाति भनी साथीहरुले जिस्काउने जस्ता समस्या आउने गरेको वताए र ति समस्यालाई कसरी समाधान गर्नु भएको छ भन्ने प्रश्नको जवाफमा छरछिमेकमा पैसा सापटी वा ऋण लिएर,अरुको घरमा काम गर्न गएर र साथीहरुलाई सम्भाउने गरेको भनी सामुदायिक विद्यालयका पाँच जना अभिभावकले राय व्यक्त गरेका थिए । संस्थागत विद्यालयका पाँच जना र सामुदायिकका दुई जना अभिभावकहरुले कुनै समस्या नआएको प्रतिक्रिया दिएका थिए । विद्यालयमा केटीहरुको सहभागिता बढाउन के कस्ता उपायहरु अपनाउनु पर्ला भन्ने प्रश्नको जवाफमा सामुदायिक (७ जना) र संस्थागत विद्यालयका (५जना) सबै अभिभावकहरुले केटीलाई पढ्ने आवश्यक सामाग्री विद्यालयले निशुल्क उपलव्ध गराउने, छोरीलाई पढाउनु पर्छ भन्ने जनचेजनामूलक कार्यक्रम संचालन गर्ने,छात्रावृति दिने, निशुल्क विद्यालय पोशाक, पुस्तक दिने र विद्यालयमा हुने विभिन्न कार्यक्रममा केटाकेटीलाई समान रुपमा सहभागी गराउनु पर्ने प्रतिक्रिया दिएको पाइयो ।

# अध्याय पाँच|

## प्राप्ति, निष्कर्ष र सुझाव

प्रस्तुत अध्ययनमा कपिलवस्तु जिल्ला हथौसा गा.वि.स.मा रहेका एउटा सामुदायिक र एउटा संस्थागत विद्यालयमा छात्राहरुको जातिगत रुपमा सहभागिताको अवस्था पत्ता लगाउनु र छात्राहरुको विद्यालयमा सहभागिता वारे सरोकारवालाहरुको धारणा पहिल्याउनु जस्ता उद्देश्यमा यो अध्ययन केन्द्रित रहेको थियो । यस अध्ययनमा उपयुक्त उद्देश्यहरु पूरा गर्न आवश्यक पर्ने सूचनाहरु संकलन गर्न प्र.अ./शिक्षकहरुसँग प्रश्नावली, अभिभावकसँग अन्तर्वार्ता, सरोकारवालाहरुसँग मत सर्वेक्षणको माध्यमबाट प्राप्त भएका सूचनाहरुलाई विश्लेषण र व्याख्याको आधारमा प्राप्त भएको प्राति, निष्कर्ष र सुझावलाई निम्नानुसार प्रस्तुत गरीएको छ ।

**५.१) मुख्य प्राप्तिहरु**

यस अध्ययनमा उद्देश्य अनुरुप सूचनाहरु संकलन गरी विश्लेषण र व्याख्या पश्चात प्राप्त प्राप्तिलाई निम्नानुसार प्रस्तुत गरीएको छ :-

- नमुनाको रुपमा छनौट गरेको सामुदायिक विद्यालयमा २०७० सालका विद्यार्थीहरुको भर्ना प्रतिशतलाई हेर्दा केटा र केटीहरुको भर्ना वरावरी जस्तै रहेको पाइयो भने संस्थागत विद्यालयमा केटीहरुको भर्ना केटाहरुको भन्दा कम रहेको पाइयो ।
- मुसलमान जातिका छात्राहरुको भर्ना सामुदायिक विद्यालयको प्रा.वि. तहमा शून्य रहेको तर नि.मा.वि. र मा.वि.तहमा भने नगन्य रुपमा रहेको पाइयो त्यस्तै तिनिहरुको भर्ना संस्थागत विद्यालयको प्रा.वि.तहमा पाउन मुस्किल देखियो भने नि.मा.वि.र मा.वि. तहमा शून्य रहेको पाइयो ।
- त्यसैगरी सामुदायिक विद्यालयको प्रा.वि., नि.मा.वि.र मा.वि. तहमा पहाडि जनजाति, पहाडि दलित र मधेसी जातिका छात्राहरुको भर्ना वरावरी जस्तै रहेको पाइयो भने पहाडि जनजाति र मधेसी जातिका छात्राहरुको भर्ना संस्थागत विद्यालयको प्रा.वि. र नि.मा.वि. तहमा राम्रै रहेको पाइयो तर मा.वि. तहमा भने शून्य रहेको पाइयो ।
- सामुदायिक विद्यालयको प्रा.वि.र मा.वि तहमा मधेसी दलित जातिका छात्राहरुको भर्ना नगन्य रुपमा रहेको पाइयो तर नि.मा.वि. तहमा भने शून्य रहेको पाइयो । त्यस्तै पहाडि दलित र मधेसी दलित जातिका छात्राहरुको भर्ना संस्थागत विद्यालयको प्रा.वि., नि.मा.वि र मा.वि.तहमा शून्य रहेको पाइयो ।
- विद्यालय छाड्ने छात्राहरुमा सामुदायिक विद्यालयका मधेसी, दलीत , थारु र पहाडी जनजाति रहेको पाइयो । जसको कारण :-घरायसी कामधन्दाले पढ्न नपाउनु, फेल हुनु, कक्षाको तुलनामा उमेर बढी हुनु, छिटो विवाह हुनु, अभिभावकको अन्धविश्वास जस्तै : छोरीलाई जति पढाए पनि अर्काको घरमा काम गर्न पठाउनै पर्छ भन्ने सोचाई जस्ता तत्वहरु जिम्मेवार रहेको पाइयो ।
- सामुदायिक विद्यालयमा छात्राहरुको भर्ना संस्थागतको तुलनामा वढी हुनुमा न्यून आर्थिक अवस्था, केटा र केटीमा गरीने असमानता, संस्थागत विद्यालयमा शैक्षिक शुल्क महङ्गो हुनु, अभिभावकमा जनचेतनाको कमी हुनु जस्ता कारणहरु जिम्मेवार रहेको पाइयो ।

- सामुदायिक र संस्थागत दुवै विद्यालयमा सबै अभिभावकहरु साक्षर रहेको पाइयो तर सामुदायिक विद्यालयका अभिभावकको न्यून आयस्रोत भएको हुनाले आफ्ना छोरीलाई भने जस्तो विद्यालयमा पढाउन नसकेको, उनीहरुका प्रत्येक आवश्यकता पूरा गरीदिन नसकेको, उनीहरुलाई इच्छा लागे जति पढाउन नसकेको र नियमित रुपमा विद्यालय पठाउन असमर्थ रहेको पाइयो ।
- तर संस्थागत विद्यालयका छात्राहरुका अभिभावकहरु उच्च आय तथा छोराछोरीको भविष्य प्रति सजग रहेको, छोरा सरह अवसर प्रदान गरेको र मनोरञ्जनात्मक क्रियाकलापमा सहभागि हुन दिएको पाइयो ।
- संस्थागत विद्यालयमा छात्राहरुको तुलनामा सामुदायिक विद्यालयमा छात्राहरुको उपस्थिति कम हुनुमा अभिभावकहरुको कृषि पेशा हुनु, बाली लगाउने र थन्काउने वेलामा विद्यालय जान नपाउनु,घरमा भाईबहिनी हेर्नपर्नु, घरमा कोही विरामी भए हेरचाह गर्नुपर्ने, गाँउघरमा विवाह पूजा हुदा र पानी परेको समयमा विद्यालय जान नपाउने जस्ता काणहरु जिम्मेवार रहेको भनी अभिभावकले जवाफ दिएको पाइयो ।
- थारु, दलित र मधेसी जातिका छात्राहरुले पढ्दा पढ्दै कक्षा छाडेको भनी सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुले प्रतिक्रिया दिएको पाइयो ।
- सामुदायिक र संस्थागत विद्यालयमा नियमित उपस्थित हुने जातिमा ब्राम्हण/क्षेत्री र थारु रहेको र नियमित अनुपस्थित हुनेहरुमा दलित, मधेसी र जनजाति जातिका छात्राहरु रहेको भन्ने प्रतिक्रिया दुवै विद्यालयका शिक्षकहरुले दिएको पाइयो ।
- छोरीको शिक्षा प्रति सामुदायिक विद्यालयका सरोकारवाला भन्दा संस्थागत विद्यालयका सरोकारवालाहरु वढी सकारात्मक भएको पाइयो ।

**५.२ ) निष्कर्ष**

सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको सहभागिता संबन्धी अध्ययन गर्ने क्रममा कपिलवस्तु जिल्ला हथौसा गा.वि.स. मा अवस्थित सामुदायिक विद्यालयका १० जना शिक्षकसँग प्रश्नावली, ७ जना अभिभावकसँग अन्तर्वार्ता र १३ जना सरोकारवालासँग मतसर्वेक्षण र संस्थागत विद्यालयका ८ जना शिक्षकसँग प्रश्नावली, ५ जना अभिभावकसँग अन्तर्वार्ता र १० जना सरोकारवालासँग मतसर्वेक्षण गरीएको थियो । त्यस्तै कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको २०७० सालको भर्ना र कक्षा ९ मा विद्यार्थीहरुको विद्यालयमा उपस्थिति पत्ता लगाउन हाजिरी रेकर्डबाट प्राप्त सूचनालाई विस्तृत रुपमा अध्यय चारमा विश्लेषण र व्याख्या गरी त्यसबाट प्राप्त भएको प्राप्तिलाई बुँदागत रुपमा समेटेपछि ती प्राप्तिका आधारमा निम्न निष्कर्षमा पुग्न सकिन्छ ।

राज्यले सबैका लागि समान शिक्षा भनेर घोषणा गरेतापनि यो व्यवहारमा त्यति प्रयोग भएको देखिदैन । त्यस्तै छोराछोरी दुबैलाई शिक्षाको उज्यालो घामबाट बञ्चित गरिनुहुन्न भने पनि व्यवहारमा प्रयोग भएको देखिदैन ।

विद्यालय भर्ना, विद्यालय छोड्ने तथा विद्यालय उपस्थितिमा केटा र केटीमा भिन्नता त छँदै छ त्यसको साथै संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयका केटीहरुमा यो भिन्नता रहेको देखिन्छ । त्यसका साथै सामुदायिक विद्यालयका छात्राहरु मध्ये थारु जातिका छात्राहरुको भर्ना बढी रहेको र मुसलमान, पहाडि दलित र मधेसी दलित जातिका छात्राहरुको भर्ना सबै भन्दा कम रहेको देखिन्छ भने संस्थागत विद्यालयमा ब्राम्हण/क्षेत्री

जातिका छात्राहरुको भर्नाअन्य जातिको तुलनामा व र पहाडि दलीत,पहाडि जनजाति,मधेसी दलीत र मुसलमान जातिका छात्राहरु शून्य रहेको तर छात्रहरुको भर्ना पनि नगन्य रुपमा रहेको देखिन्छ । सामुदायिक विद्यालयमा छात्राहरु र छात्रहरु बराबरी रहेता पनि संस्थागत विद्यालयमा छात्रहरु भन्दा छात्राहरुको भर्ना कम रहेको देखिन्छ । यसो हुनुका पछाडि अभिभावकको अशिक्षा, गरीवी, सामाजिक, सांस्कृतिक मान्यता तथा चेतनाको कमि जिम्मेवार रहेको देखिन्छ । अध्ययन स्थतमा शिक्षा, स्वास्थ्य, संचार र यातायात इत्यादिको विकास भएको हुनाले शिक्षाको पहुँच नै देखिन्छ र पनि विद्यालय शिक्षामा केटा र केटी विच भिन्नता छ । सामुदायिक र संस्थागत विद्यालयमा नियमित रुपमा उपस्थिति नहुने, विद्यालय छाड्नेहरुमा विशेष गरी  थारु, मधेसी, मधेसी दलीत र मुसलमान जातिका छात्राहरु बढी रहेको भनी शिक्षकहरुको जवाफ र भर्नाबाट देखिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ कि अभिभावकको धारणा र सोचाईमा पविर्तनका साथै राज्यले सवैका लागि एकै किसिमको समान स्तरीय शिक्षा प्रणाली लागू गर्नुको साथै सामुदायिक विद्यालयमा पढाईको गुणस्तर उकास्ने र नीति निर्माणको साथै कडाईका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ भने संस्थागत विद्यालयले पनि शैक्षिक शुल्क घटाई सबै वर्गका जातिले पढ्न सक्ने बनाउनुका साथै छात्राहरुको लागि विशेष किसिमका व्यवस्था गरिनुपर्ने देखिन्छ ।

**५.३ ) सुझावहरु**

सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको सहभागिता संबन्धि अध्ययनका लागि कपिलवस्तु जिल्लाको हथौसा गा.वि.स. मा अवस्थित सामुदायिक विद्यालयका १० जना शिक्षक, ७ जना अभिभावक र १३ जना सरोकारवालासँग मतसर्वेक्षण र संस्थागत विद्यालयका ८ जना शिक्षकसँग प्रश्नावली, ५ जना अभिभावकसँग अन्तर्वार्ता र १० जना सरोकारवालासँग मतसर्वेक्षण गरीएको थियो । त्यस्तै कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको २०७० सालको भर्ना र कक्षा ९ मा विद्यार्थीहरुको विद्यालयमा उपस्थिति पत्ता लगाउन हाजिरी रेकर्ड अध्ययनबाट प्राप्त भएको प्राप्ति र निष्कर्षहरुका आधारमा शैक्षिक सुझावहरु प्रस्तुत गरिएको छ ।

- सामुदायिक विद्यालयमा केटाकेटीहरुको भर्ना वरावरी जस्तै रहेपनि संस्थागत विद्यालयमा केटीहरुको भर्ना केटाहरुको तुलनामा कम रहेकाले अभिभावहरुमा छोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास गराउने र विद्यालयले पनि जनचेतनामूलक विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिनुपर्ने ।
- विद्यालयमा मधेसी, मधेसी दलीत, पहाडि दलित र मुसलमान जातिका छात्राहरुको सहभागिता अझै पनि न्यून रहेकोले उल्लेख्य रुपमा वढाउन सरकारले सरकारी वा गैर सरकारी संघ संस्थाहरुलाई गाँउ गाँउमा परिचालन गरी ती जातिका अभिभावकहरुमा छोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास गर्नुपर्ने ।
- शिक्षकहरुले जातिय भेदभाव वा छुवाछुतको व्यवहार नदेखाई सबैमा समान व्यवहार देखाउने र विद्यार्थीलाई पनि भेदभाव नगर्न आग्रह गर्ने ।
- पेशा प्रति उत्तरदायी नबन्ने, खेताला शिक्षकहरुलाई काम गर्ने शिक्षकहरुले कारवाहीको दायरामा ल्याउनु पर्ने ।

- संस्थागत विद्यालयले जातिगत रुपमा छात्रा सहभागिता बढाउन विद्यार्थीहरुको अवस्था अनुसार पाठ्यपुस्तक, शैक्षिक शुल्क, ड्रेस, छात्रा छात्रवृत्ति आदी जस्ता सामाग्रीहरु निशुल्क गर्नुपर्ने ।
- विद्यालयले भौतिक पूर्वाधार विकासको निश्चित मापदण्ड बनाइ कार्यान्वयन गर्नुपर्ने ।
- विद्यार्थीहरु विद्यालयमा नियमित उपस्थिति गराउन अभिभावकहरुलाई समय समयमा विद्यालयमा वोलाई छलफल गर्नुपर्ने, विद्यालयमा नियमित उपस्थित हुने विद्यार्थीलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्ने र अनियमित हुनेलाई दण्डको व्यवस्था गर्नुपर्ने ।

# सन्दर्भसुची

अधिकारी, विष्णु प्रसाद (२०६०), ***विद्यालय निरिक्षक स्रोत सामाग्री,*** आशिष पुस्तक भण्डार, बागवजार, काठमाण्डौ ।

अधिकारी, विष्णु प्रसाद (२०६९), ***माध्यमिक तह अध्यापन अनुमति पत्र परिक्षा दर्पण,*** आशिष बुक्स हाउस प्रा.लि, बागबजार, काठमाण्डौ ।

आचार्य, सुमन (२०६७), ***महिला तथा बालबालिका शिक्षा,*** नागरिक वर्ष ४, अंक ४ पृ. १३-१४, बदलिदो परिवेश ।

घिमिरे, सुदर्शन (२०७१ वैशाख), ***शिक्षक मासिक पत्रिका,*** ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड, जावलाखेल, ललितपुर ।

दिक्षित, शान्ता (२०७०), ***शिक्षक मासिक पत्रिका,*** ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड, जावलाखेल, ललितपुर ।

नेपाल सरकार, ***राष्ट्रिय योजना आयोग*** (२०५४), सिहंदरवार, काठमाण्डौ ।

शर्मा, चिरञ्जिवि र शर्मा निर्मला (२०६६), ***शिक्षाका आधारहरु,*** एम.के. पब्लिसरस् एण्ड डिस्ट्रिव्युटर्स, भोटाहिटि, काठमाण्डौ ।

शिक्षा ऐन २०२८ (सातौं सम्शोंधन), एंवम शिक्षा नियमावली २०५९ तेस्रो सम्शोंधन गौरीशंकर प्रकाशन, काठमाण्डौ : शिक्षा मन्त्रालय ।

बराल, खगराज (२०६६), विद्यालय शिक्षामा छात्रा सहभागिता, संपादन : ***लैङ्गिक समविकाश शिक्षा भक्तपुर*** : शिक्षा विभाग ।

क्षेत्री, कृष्ण पण्डीत (२०६६), ***प्राथमिक विद्यालय उमेरका वोटे बाल बालिकाको शिक्षामा सहभागिता,*** अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, शिक्षाशास्त्र संकाय , त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाण्डौ ।

त्रिपाठी, भरतराज (२०६६), भारतको राष्ट्रिय प्रतिभामा खोज कार्यक्रम, संपादन, ***लैङ्गिक समविकाश शिक्षा,*** भक्तपुर : शिक्षा विभाग ।

राष्ट्रिय योजना आयोग, (२०६४), ***त्रिवर्षिय अन्तरिम योजना,*** राष्ट्रिय योजना आयोग, सिहदरवार, काठमाण्डौ ।

CERID, (1991). ***A study of studies on dropout in Primary Education***. Kathmandu: CERID

DOE, (2065), ***Flash I Report***, Sano Thimi, Bhaktapur : Department of Education.

DOE, (2068), ***Flash I Report***, Sano Thimi, Bhaktapur : Department of Education.

DOE, (2069), ***Flash I Report***, Sano Thimi, Bhaktapur : Department of Education.

MOES, (2009). ***Ministry of Education in Sports***, Baghbazar, Kathmandu : Aasis Pustak Bhandar.

## अनुसूची १

### प्र.अ.र शिक्षकहरुको लागि प्रश्नावली

नाम : शैक्षिक योग्यता :

विद्यालयको नाम : शैक्षिक अनुभव :

१. तपाईको विद्यालयका केटीहरुको उमेर र कक्षाको अवस्था कस्तो पाउनु भएको छ ?

..........................................................................................................................

२. कक्षागत रुपमा केटाहरुको उमेर भन्दा केटीहरुको उमेरमा फरक छन् कि छैनन् ?

..........................................................................................................................

३. तपाईले यसपालिको छात्राहरुको भर्ना संख्या र गत सालको छात्राहरुको भर्ना संख्यामा समानता पाउनु भएको छ कि अन्तर पाउनु भएको छ ? समानता छ भने कसरी छैन भने किन ?

..........................................................................................................................

४. विद्यालयमा भर्ना भएका छात्राहरु मध्ये कुन जातिका छात्राहरु नियमित उपस्थित हुने गर्दछन् ? आएकाहरुका लागि विद्यालयले के कस्तो व्यवस्था गरेको छ ?

..........................................................................................................................

५. तपाईको विद्यालयमा कुन जातिका छात्राहरु नियमित अनुपस्थित हुने गरेका छन् ? उनीहरुका लागि विद्यालयले के कस्तो व्यवस्था गरेको छ ?

..........................................................................................................................

६. के उनीहरुको कक्षागत उमेरको कारणले होला त ? या अन्य कुन कारणले हो जस्तो लाग्छ ?

..........................................................................................................................

७. कक्षामा उपस्थित छात्राहरुले पढाई प्रति कत्तिको सक्रिय हुने गरेको पाउनु भएको छ ?

..........................................................................................................................

८. अभिभावकले आफ्ना सन्तानको पढाई प्रति र विद्यालय प्रति कत्तिको चासो देखाउछन् ?

..........................................................................................................................

९.विद्यालयमा सहभागि भएका छात्राहरुको आर्थिक अवश्थाको वारेमा तपाइलाई केही जानकारी छ कि ?

..........................................................................................................................

१०. तपाईको विद्यालयले आर्थिक अवश्था कमजोर भएका छात्राहरुको लागि कुनै सुविधा दिएको छ कि छैन ? छ भने के कस्तो सुविधा दिएको छ र छैन भने किन ?

..........................................................................................................................

११. के विद्यालयमा छात्राहरुलाई उपयुक्त हुने भौतिक पूर्वाधारहरु उपलब्ध छन् ?छन भने ति के के हुन ?

..........................................................................................................................

१२. तपाईको विद्यालयमा पढि रहेका छात्राहरु मध्ये कसैले पढ्दा पढ्दै विचमा कक्षा छाडेका छन् ?

……………………………………………………………………………………………………………………

| छात्राहरुको नाम | छाडेको कक्षा | कारण |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |

१३.कक्षा छाड्नेमा कस्ता र कुन जातिका छात्राहरु वढी हुने गरेको पाउनु भएको छ ?

……………………………………………………………………………………………………………

१४. विद्यालयमा छात्राहरुको सहभागिता बढाउनका लागि विद्यालयले कुनै कार्यक्रम संचालन गरेको छ कि छैन ? छ भने कस्तो कार्यक्रम संचालन गरेको छ ?

……………………………………………………………………………………………………………

१५. कार्यक्रम संचालन गर्दा के कस्तो कठिनाई अथवा समस्या महसुस गर्नु भयो ?

……………………………………………………………………………………………………………

१६. यस्ता कठिनाई तथा समस्या समाधान गर्न के के गर्नुपर्ला ?

……………………………………………………………………………………………………………

१७. तपाईको विद्यालयमा पढ्न आउने छात्राहरुलाई पढ्न आउन कुनै समस्या आएको थाहा पाउनु भएको छ ? समस्या के कारणले सिर्जना भएका होलान र ति समस्या समाधान गर्न तपाईले के के उपायहरु अपनाउनु भयो ?

……………………………………………………………………………………………………………

१८. विद्यालयमा जातिगत रुपमा छात्राहरुको सहभागिता बढाउन के कस्तो उपाय अपनाउनु पर्ला ?

……………………………………………………………………………………………………………

# अनुसूची २

## अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका :

अभिभावकको नाम : उमेर :
ठेगाना : पेशा :
जाति : शैक्षिक योग्यता :

१. तपाईको परिवारमा विद्यालय जाने उमेर (५-१६) का केटाकेटीहरु कति रहेका छन् ?
क) नपढिरहेका केटाहरु कति जना छन् ?

ख) नपढिरहेका केटीहरु कति जना छन ?

२. केटाकेटीहरुको उमेर र कक्षाको अवस्था कस्तो छ ?

| नाम | उमेर | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

३. तपाईको परिवारमा केटाकेटीहरुले कति कक्षा सम्म पढेर छाडेका छन ?

| केटाहरुको नाम | छाडेको कक्षा | कारण |
|---|---|---|
| | | |
| | | |
| केटीहरुको नाम | | |
| | | |
| | | |

४. तपाईले छोरा र छोरीलाई एउटै विद्यालयमा पढाउनु भएको छ ?यदि छ भने किन र छैन भने किन ?
..........................................................................................................................

५. यदि एउटा बच्चालाई सामुदायिक र अर्कोलाई संस्थागत विद्यालयमा पढाउनु भएको छ भने भिन्न गर्नुका कारणहरु के के हुन ?

..........................................................................................................................

६. तपाईको विचारमा किन छोरीलाई पढाउनु पर्छ ?

..........................................................................................................................

७. छोरीलाई पढाउदा के हुन्छ जस्तो लाग्छ ?

........................................................................................................................................

८. छोरीलाई नपढाउदा के हुन्छ ?

........................................................................................................................................

९. तपाईले केटीलाई कति कक्षा सम्म पढाउने विचार गर्नु भएको छ र किन ?

........................................................................................................................................

१०. छोरीका शिक्षाका लागि तपाईले के के कामहरु गर्नु भएको छ ?

........................................................................................................................................

११. तपाईका बालबालिकाहरु विद्यालयमा खास गरी कहिले कहिले अनुपस्थित भएका थिए ?

........................................................................................................................................

१२. तपाईले आफ्ना बालबालिकाहरुलाई पढ्न पठाउने विद्यालयमा महिला शिक्षिकाहरुले केटीहरुलाई कस्तो व्यवहार देखाएका छन ?

........................................................................................................................................

१३. पुरुष शिक्षकहरुले केटीहरुलाई कस्तो व्यवहार गरेको पाउनु भएको छ ?

........................................................................................................................................

४. तपाईले वालवालिका पढाउने विद्यालयमा भौतिक पूर्वाधारको अवश्था कस्तो पाउनु भएको छ ?

........................................................................................................................................

१५. छोरीलाई विद्यालय पढ्न पठाउदा केही समस्या आएका छन कि? ति समस्या के के हुन त ?

........................................................................................................................................

१६. तपाईले ति समस्या समाधान गर्न के के उपायहरु अपनाउनु भयो ?

........................................................................................................................................

१७. तपाइको घरको काममा छोरा छोरी मध्ये कसले बढी सघाउछ ?

.......................................................................................................................................

१८. छोराले के के कार्यहरु गर्छन् ?

| छोराले गर्ने कार्यहरु | | अवधि (घण्टामा) |
|---|---|---|
| विहान : | | |
| वेलुका : | | |
| विदाको दिन : | | |

१९.छोरीले के के कामहरु गर्दछीन ?

| छोरीले गर्ने कार्यहरु | | अवधि (घण्टामा) |
|---|---|---|
| विहान : | | |
| वेलुका : | | |
| विदाको दिन : | | |

२०. तपाईको विचारमा विद्यालयमा केटीहरुको सहभागिता बढाउन विद्यालयले के कस्ता उपायहरु अपनाउनु पर्ला ?

........................................................................................................................

## अनुसूची ३

## सामुदायिक र संस्थागत विद्यालयमा छात्राहरुको सहभागिता संबन्धि सरोकारवालाहरुको धारणा :

(छात्राहरु,महिला शिक्षक र महिला अभिभावक)

व्यक्तिको नाम :                                                  सम्बन्धित विद्यालयको नाम :

| कथन | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | प्रतिक्रिया | | प्रतिक्रिया | | सहमत | असहमत |
| | सहमत | असहमत | सहमत | असहमत | | |
| १. केटा र केटी दुवैलाई घरमा वरावर आर्थिक अधिकार दिनुपर्छ । | ९ (६९%) | ४ (३१%) | ९ (९०%) | १ (१०%) | १८ (७८%) | ५ (२२%) |
| २. जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्न नसकेका केटीहरुले पनि विद्यालयमा पढ्न पाउनुपर्छ । | १२ (९२%) | १ (८%) | १० (१००%) | ०(०%) | २२ (९६%) | १ (४%) |
| ३. छोरा सरह खर्च गरेर छोरीलाई पढाउनु पर्छ । | १० (७७%) | ३ (२३%) | ९ (९०%) | १ (१०%) | १९ (८३%) | ४ (१७%) |
| ४. केटीहरुलाई घरबाट सजिलै आवतजावत मिल्ने विद्यालयमा मात्र पढाउनु पर्छ । | १० (७७%) | ३ (२३%) | ७ (७०%) | ३ (३०%) | १७ (७४%) | ६ (२६%) |
| ५. केटा र केटीहरु दुवैलाई सकेसम्म संस्थागत विद्यालयमा पढाउनु पर्छ । | १० (७७%) | ३ (२३%) | १० (१००%) | ० (०%) | २० (८७%) | ३ (१३%) |
| ६. केटाहरु सरह केटीहरुलाई अंग्रेजी सिकाउनका लागि संस्थागत विद्यालयमा पढाउनुपर्छ । | १० (७७%) | ३ (२३%) | १० (१००%) | ० (०%) | २० (८७%) | ३ (१३%) |
| ७. सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा राम्रो पढाई हुन्छ । | १० (७७%) | ३ (७७%) | १० (१००%) | ० (०%) | २० (८७%) | ३ (१३%) |
| ८. विद्यालयमा केटीहरुलाई जिस्काउने र होच्याउने काम पुरुष शिक्षकहरुले बढी गर्दछन् । | ६ (४६%) | ७ (५४%) | ७ (७०%) | ३ (३०%) | १३ (५७%) | १० (४३%) |
| ९. केटीहरुलाई छात्रा छात्रवृत्ति जस्ता सुविधाहरु सामुदायिक विद्यालयका साथै संस्थागत विद्यालयले पनि उपलब्ध गराउनु पर्छ । | १३ (१००%) | ० (०%) | १० (१००%) | ० (०%) | २३(१००%) | ० (०%) |
| १०. केटीहरुलाई कम पढायो भने विवाह गर्न गाह्रो हुन्छ । | १३ (१००%) | ० (०%) | १० (१००%) | ० (०%) | २३(१००%) | ० (०%) |
| ११. केटा र केटी दुवैले घरायसी काम वरावर हिसावले गनुपर्छ । | १२ (९२%) | १ (८%) | १० (१००%) | ० (०%) | २२ (९६%) | १ (४%) |
| १२.छोरीलाई विवाहमा खर्च गर्नुपर्ने हुनाले उनीहरुलाई धेरै खर्च गरेर पढाउनु आवश्यक छैन । | ४ (३१%) | ९ (६९%) | ९ (९०%) | १ (१०%) | १३ (५७%) | १० (४३%) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३. केटीहरुलाई भन्दा केटाहरुलाई माथिल्लो तह सम्म पढाउनुपर्छ । | ५ (३८%) | ८ (६२%) | १ (१0%) | ९ (९0%) | ६ (२६%) | १७ (७४%) |
| १४. केटीहरुलाई संस्थागत विद्यालयको होस्टेलमा राखेर पढाउनु हुदैन । | २ (१५%) | ११(८५%) | १ (१0%) | ९ (९0%) | ३ (१३%) | २0 (८७%) |
| १५.केटीहरुले धेरै पढे भने बिग्रन्छन । | २ (१५%) | ११(८५%) | १ (१0%) | ९ (९0%) | ३ (१३%) | २0 (८७%) |
| १६.केटीहरुलाई भन्दा केटाहरुलाई संस्थागत विद्यालयमा पढाउनु राम्रो हुन्छ । | १ (८%) | १२(९२%) | १ (१0%) | ९ (९0%) | २ (९%) | २१ (९१%) |
| ❖ १७. संस्थागत विद्यालयमा केटीहरुलाई मिल्ने किसिमको प्रर्याप्त भौतिक सुविधा छ । | ८ (६२%) | ३ (२३%) | ४ (४0%) | ६ (६0%) | १२ (५२%) | ९ (४८%) |
| १८. केटीहरुलाई सामुदायिक विद्यालयमा पढाउनु उपयुक्त हुन्छ । | ७ (५४%) | ६ (४६%) | 0 (0%) | १0(१00%) | ७ (३0%) | १६ (७0%) |
| ❖ १९. सामुदायिक विद्यालयमा शिक्षकहरुले विद्यार्थीलाई व्यक्तिगत रुपमा केही सिकाउदैनन् । | ६ (४६%) | ६ (४६%) | ८ (८0%) | २ (२0%) | १८ (७८%) | ८ (२२%) |
| २०. केटीहरुलाई वढि पढायो भने विवाह गर्न गाह्रो हुन्छ । | ६ (४६%) | ७ (५४%) | २ (२0%) | ८ (८0%) | ८ (३५%) | १५ (६५%) |
| २१. उमेर पुगेपछि केटीहरुलाई पढाउनु भन्दा विवाह गरिदिनु उपयुक्त हुन्छ । | ६ (४६%) | ७ (५४%) | ४ (४0%) | ६ (६0%) | १0 (४३%) | १३ (५७%) |
| २२. घरायसी काममा केटाहरु भन्दा केटीहरु बढी खट्नुपर्छ । | ८ (६२%) | ५ (३८%) | ६ (६0%) | ४(४0%) | १४ (६0%) | ९ (४0%) |

❖ नोटः माथिको तालिकामा प्रश्न नं.१७ मा अनिश्चित प्रतिक्रिया दिने संख्या = २ जना र प्रश्न नं.१९ मा अनिश्चित प्रतिक्रिया दिने संख्या = १ जना सामुदायिक विद्यालयका उत्तरदाताहरु रहेका थिए संस्थागतमा भने अनिश्चित प्रतिक्रियाहरु थिएनन् ।

## अनुसूची ४

## प्र.अ. र शिक्षकहरुको नामावली

| | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| नाम | अनुभव | योग्यता | नाम | अनुभव | योग्यता |
| जगन्नाथ मरासिनी (प्र.अ.) | ३३ वर्ष | एम.ए, बि.एड. | श्री प्रसाद पोखेल (प्र.अ.) | २ वर्ष | स्नातकोत्तर |
| विष्णुमाया भट्टराई | ५ वर्ष | एम.एड. | हिना सापकोटा | ३ वर्ष | आइ.एड |
| गीता शर्मा | ८ वर्ष | वि.ए, वि.एड. | राम कु. गुप्ता | ४ वर्ष | आइ. कम. |
| सरस्वती गौतम | ६ वर्ष | एम.एड. | राज कु थारु | ३ वर्ष | आइ.ए. |
| डीला पाठक | ४ वर्ष | आइ.एड. | दिपक पौडेल | १ वर्ष | स्नातक |
| विमल आचार्य | १५ वर्ष | बि.एस.सि, बि.एड | नेत्रराज रेग्मी | १० वर्ष | बि.एड |
| राजेन्द्र प्रसाद खनाल | १० वर्ष | एम.एड. | सागर आाचार्य | २ वर्ष | स्नातक |
| किसन थारु | १४वर्ष | बि.एड. | शम्भु प्रसाद चौधरी | १५ वर्ष | आई.ए. |
| धन ब. थापा | ३६ वर्ष | आइ.ए. | | | |
| ह्मेनाथ ज्ञवाली | ३० वर्ष | आइ.ए. | | | |

# अनुसूची ५

## अभिभावकहरुको नामावली

| सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|
| नाम | पेशा | नाम | पेशा |
| कृष्ण परियार | लुगा सिलाउने | तौलेश्वर गुप्ता | कृषि |
| हरि नारायण थारु | कृषि | श्रीराम थारु कृषि | कृषि |
| राजेश पासी | व्यापार | भरत पौडेल | शिक्षक |
| शम्भू यादव | कृषि | सीता राना | व्यापार |
| सरस्वती पाण्डेय | कृषि | तुलसा थापा | कृषि |
| बसन्ती सोमै | कृषि | | |
| गिता वि.क. | कृषि | | |

# अनुसूची ६

## सरोकारवालाहरुको नामावली

| नाम | सामुदायिक विद्यालय | नाम | संस्थागत विद्यालय |
|---|---|---|---|
| पुष्पा वि.क. | छात्रा | सुमित्रा थारु | छात्रा |
| अन्जली थारु | छात्रा | मनु राना | छात्रा |
| कल्पना पासी | छात्रा | लक्ष्मी पौडेल | छात्रा |
| सुनिता परियार | छात्रा | सरस्वती थापा | छात्रा |
| मिना कु. यादव | छात्रा | सुनिता लम्साल | महिला शिक्षक |
| कविता सोमै | छात्रा | पुनम शर्मा | महिला शिक्षक |
| | | हिना सापकोटा | महिला शिक्षक |